# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २४१ काठमाडौं आइतबार, १५ पुस २०८० Prabhab National Daily Sunday, December 31, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# निर्देशक सुवेदीको तजबिजीले बालकुमारी दुर्घटना

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया जाने सपना बोकेका दुई युवकको शुक्रबार अनाहकमा ज्यान गयो । वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस कोरिया शाखाको कार्यालयमा उत्पादनमूलक क्षेत्र (म्यानुफ्याक्चरिङ)मा भाषा परीक्षाको आवेदन फाराम भर्न पुगेका युवाहरूले आवेदन दिन नपाएपछि ललितपुरको बालकुमारीमा गरेको प्रदर्शनलाई प्रहरीले दमन गर्दा दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको ज्यान गयो ।

वैदेशिक रोजगारीको अपेक्षा राखेर भाषा परीक्षाका लागि आवेदन दिन खोज्ने २०/२२ वर्ष उमेरका युवाको ज्यान गएपछि यतिखेर चौतर्फी विरोध र प्रदर्शन भइरहेको छ। यसरी भाषा परीक्षाका लागि आवेदन फारामसमेत भर्न नपाउने परिस्थितिको सिर्जना गरी बेरोजगारीको चपेटामा रहेका युवाहरूलाई आन्दोलन गर्ने अवस्थामा पुऱ्याई अन्ततः ज्यान जानेसम्मको घटना हुनुमा इपिएस कोरिया शाखा र यसका निर्देशक गुरुदत्त सुवेदीको मुख्य भूमिका देखिन्छ ।

निर्देशक सुवेदीले उच्च अदालत पाटनको आदेशलाई नजरअन्दाज गर्दै रिट निवेदनमा नाम उल्लेख भएका १८ जनालाई मात्र उत्पादनमूलक क्षेत्रका लागि लिइने भाषा परीक्षामा आवेदन दिन आउनु भनी बिहीबार मिति उल्लेख नगरी एक सूचना जारी गरे । जुन अदालतले दिएको आदेशको मर्मविपरीतको निर्णय थियो । सुवेदीले जारी गरेको सोही सूचनाले शुक्रबारको घटना निम्त्याएको हो ।

इपिएस कोरिया शाखाले गत मंसिर १९ गते उत्पादनमूलक क्षेत्रमा जान चाहने नेपाली युवालाई भाषा परीक्षा दिन आवेदन माग गर्दै सूचना जारी गरे पनि सन् २०२३ भित्र भाषा परीक्षामा सामेल भएकाहरूले आवेदन दिन नपाइने उल्लेख गरेको थियो । जसका कारण शिप बिल्डिङ परीक्षामा


गुरुदत्त सुवेदी

अनुत्तीर्ण २८ हजारभन्दा बढी युवाले पनि पुनः भाषा परीक्षा दिन पाउनुपर्ने माग राख्दै सयौं संख्याका युवाले इपिएस शाखा घेराउ गर्ने निर्देशक सुवेदीलाई पटक-पटक ध्यानाकर्षण गराउँदै आएका थिए ।

तर, युवाहरूको माग र ध्यानाकर्षणलाई

> निर्देशक सुवेदीले उच्च अदालतबाट निवेदकलगायत शिप बिल्डिङ परीक्षामा सहभागी भएकाहरूको पक्षमा गरेको फैसलालाई समेत गलत व्याख्या गरी बेरोजगार युवालाई उत्तेजित बनाउने र आन्दोलनको भुमरीमा हाल्ने परिस्थिति निम्त्याए

थामथुम पार्दै सुवेदीले नेपालस्थित एचआरडी सर्भिस अफ कोरियाको सम्पर्क कार्यालय, इपिएस सेन्टर नेपाल र सम्बन्धित अन्य निकायसँग छलफल भइरहेकाले अन्तिम निष्कर्ष आउन समय लाग्ने र निष्कर्षको सूचना जारी गर्ने बताएका थिए । तर, सुवेदीले छलफल र निष्कर्ष के आयो भन्ने कुनै सूचना जानकारी दिने र प्रकाशन गर्ने काम गरेनन् । यद्यपि, सुवेदीको निर्देशनमा भाषा परीक्षाको तयारीबाट पछि नहटी इपिएस कोरिया शाखाबाट पूर्वतयारीबमोजिम यही पुस २ देखि ६ गतेसम्म आवेदन लिने काम भयो ।

भाषा परीक्षामा सहभागी हुन पाउनुपर्ने माग गर्दै आन्दोलन गरिरहेका परिक्षार्थीहरूको शाखाले कुनै सुनुवाइ गरेन । आवेदन दिन नपाउने

> अदालतले दिएको प्रस्ट आदेशका बावजुद पनि इपिएसका कर्मचारीहरूले अत्यन्त काइते एवं विवेकशून्य व्याख्या गरेर १८ जना निवेदकबाहेक अरूको आवेदनलाई अस्वीकार गरेका कारण गम्भीर दुर्घटना भयो ।
>
> ■ दिनेश त्रिपाठी
> वरिष्ठ अधिवक्ता


भएपछि केही परीक्षार्थीहरूले कानुनी प्रक्रियाको बाटो रोजे र उच्च अदालत पाटनमा शिप बिल्डिङमा सहभागी भएकाहरूलाई पनि पुनः आवेदन दिन लगाउनुपर्ने अन्तरिम आदेशको माग गर्दै रिट दायर गरे । युवाहरूको मागलाई बेवास्ता गर्दै निरन्तर अघि बढेका निर्देशक सुवेदीले उच्च अदालतबाट निवेदकलगायत शिप बिल्डिङ परीक्षामा सहभागी भएकाहरूको पक्षमा गरेको फैसलालाई समेत गलत व्याख्या गरी बेरोजगार युवालाई उत्तेजित बनाउने र आन्दोलनको भुमरीमा हाल्ने परिस्थिति निम्त्याए । जसकारण निर्दोष र निहत्था बेरोजगार दुई युवाको ज्यान गयो भने दर्जनौं घाइते अवस्थामा छन् ।

भाषा परीक्षामा सहभागी नगराउने इपिएस शाखा, निर्देशक सुवेदी, वैदेशिक रोजगार विभाग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई विपक्ष बनाएर दायर गरिएको रिटमा उच्च अदालतले निवेदकहरूलाई आवेदन फाराम भर्नबाट बञ्चित गर्न मनासिव नहुँदा निवेदकहरू र निवेदक सरहका समान प्रकृतिका इच्छुक व्यक्तिहरूलाई मंसिर १९ गतेको सूचना बमोजिम पुस २ गतेबाट खुला गरिएको आवेदन फाराम भर्न रोक नलगाउनू र परीक्षा आवेदन फाराम भर्न दिनू/दिलाउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश दिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## बालकुमारी घटना

# न्यायिक छानबिन समिति गठन गर्न माग


प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार प्रधानमन्त्री पुष्पकमल दाहालसँग छलफल गर्दै पीडित परिवार ।

■ जेबी योञ्जन

काठमाडौं- ललितपुरको बालकुमारीमा शुक्रबार भएको घटनाका पीडित परिवारले न्यायिक छानबिन समिति गठन गर्न माग गरेका छन् । शनिबार प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटका क्रममा उनीहरूले सो माग राखेका हुन् । प्रहरी अधिकारी सम्मिलित छानबिन समितिमाथि उनीहरूले प्रश्न गरेका छन् ।

सोही क्रममा प्रधानमन्त्री दाहालले उक्त घटनाका दोषीलाई कारबाही गर्ने वचन दिएका छन् । पीडित परिवारजनसँग बालुवाटारमा शनिबार भेट गर्दै घटनाको यथार्थ पत्ता लगाउन सरकारले छानबिनको प्रक्रिया अघि बढाइसकेको र दोषी देखिएकालाई कारबाही गरिने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द

- ललितपुरका सिडिओ, एसएसपी र इपिएस शाखाका निर्देशक जिम्मेवारीबाट मुक्त
- फिल्ड कमाण्डर डिएसपी र मन्त्री ज्वालाका पिएसओ निलम्बित
- मृतकहरु सुजन र वीरेन्द्रलाई गोली हान्ने र हान्न आदेश दिने अधिकारीलाई छानबिनपछि कारबाही गर्ने प्रधानमन्त्रीको आश्वासन

आचार्यका अनुसार प्रधानमन्त्री दाहालले घटनालाई सरकारले गम्भीर रूपमा लिएको र प्रारम्भिक चरणमा दोषी देखिएकालाई निलम्बन गरिसकिएको पनि पीडित पक्षलाई जानकारी दिए । मृतकका परिवारलाई सरकारका तर्फबाट राहतको व्यवस्था गरिएको र घाइतेको उपचारको प्रबन्ध मिलाइएको पनि दाहालले बताएका थिए ।

'पीडित परिवारसँग प्रधानमन्त्रीले दिउँसो भेट गर्नुभएको हो । त्यसक्रममा उहाँले मृतक परिवारलाई राहत र घाइतेको निःशुल्क उपचारको व्यवस्था गरेको जानकारी दिनुभयो,' आचार्यले प्रभावसँग भने । उनले घटनाको अनुसन्धान प्रक्रिया अघि बढिसकेको जानकारी दिँदै पीडितले न्याय पाउने विश्वास दिलाए । 'छानबिनबाट सत्यतथ्य जे आउँछ, जो दोषी देखिन्छन् तिनलाई कारबाही हुन्छ, आगामी दिनमा यस्ता घटना हुँदैनन्,' प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै आचार्यले भने ।

(क्रमशः पृष्ठ २ मा)

# पुरानै लयमा फर्कंदै पर्यटन

## सन् २०२३ मा १० लाखभन्दा बढी पर्यटक भित्रिए

■ सिबी अधिकारी

**काठमाडौं–** सन् २०२३ मा १० लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार शनिबार बिहान ५ बजेसम्म १० लाख आठ हजार ६१४ पर्यटक भित्रिएका हुन् ।

योसँगै सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा भएको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या १० लाख पुऱ्याइने उल्लेख गरेको थियो ।

कोभिड-१९ महामारीले शिथिल बनेको मुलुकको पर्यटन करिब पुनःरुत्थान भएको हो । पर्यटन बोर्डका अनुसार महामारीपछि यो वर्ष ८५ प्रतिशत पर्यटन पुनःरुत्थान भएको छ । सन् २०१९ मा १२ लाख हाराहारी विदेशी पर्यटक आएका थिए । सोही आधारमा सन् २०२३ मा ८५ प्रतिशत पर्यटन पुनःरुत्थान भएको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए । उनले भने, 'यस वर्ष पर्यटक आगमन उत्साहवर्द्धक छ । आगामी दिनमा पर्यटक बढाउन भैरहवा र पोखरामा रहेका अन्तर्राष्ट्रिय विमानस्थल पूर्णक्षमतामा सञ्चालन र पर्यटक स्रोत बजारमा प्रभावकारी बजारीकरणका लागि बोर्डले रणनीतिक कार्ययोजना बनाउन छ ।'

पर्यटक आगमन उत्साहवर्द्धक रहेको र आगामी दिनमा थप वृद्धि हुने होटल संघ नेपाल (हान) का अध्यक्ष विनायक शाहका



**कुन महिनामा कति पर्यटक भित्रिए**

| | |
|---|---|
| जनवरी | ५५,०७४ |
| फेब्रुअरी | ७३,२५५ |
| मार्च | ९९,४२८ |
| अप्रिल | ९८,७७४ |
| मे | ७७,७०२ |
| जुन | ७२,२४८ |
| जुलाई | ५७,७२५ |
| अगस्ट | ६७,१५३ |
| सेप्टेम्बर | ९१,०१२ |
| अक्टोबर | १,१७,३०६ |
| नोभेम्बर | १,८६,०२८ |
| डिसेम्बर ३० सम्म | ९०,३०९ |

अपेक्षा छ । 'सरकारको १० लाख पर्यटक पुऱ्याउने लक्ष्य पूरा भएको छ, यो नै उपलब्धि हो,' उनले भने, 'एकपछि अर्को ठूला तारे होटल खुल्नेक्रम जारी छ । २०८१ सालसम्म थप १५ बढी होटल थपिदै छन् । सरकारले निजी क्षेत्रसँगको साझेदारितालाई फराकिलो बनाएर लगेको खण्डमा आगामी दिनमा पर्यटक बढ्छन् ।'

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर १० लाख बढी पर्यटक भित्रिएको भन्दै उनले थप दुई अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरालाई प्रभावकारी सञ्चालन गर्नसकेको खण्डमा अर्को वर्ष दोब्बर संख्यामा पर्यटकलाई स्वागत गर्न कुनै कठिनाइ नहुने उनको विश्वास छ ।

### पर्यटकको संख्या कीर्तिमानकै रूपमा वृद्धि

सरकारले अर्को वर्ष विदेशी पर्यटकको संख्या झण्डै दोब्बर बनाउने लक्ष्य लिएको छ । सरकार एक वर्ष पूरा भएको अवसरमा पुस १० गते देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले यो वर्ष पर्यटकको संख्या लगभग कीर्तिमानकै रूपमा वृद्धि भएको बताएका थिए । 'अहिले सुन्दा अपत्यारिलो लाग्ला तर क्षेत्रगत तयारी र योजनाबाट अर्को वर्ष हामी पर्यटकको संख्या झण्डै दोब्बर बनाउँछौं भन्ने मेरो विश्वास छ,' प्रधानमन्त्री दाहालले भनेका थिए ।

सरकारले सन् २०२५ लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने घोषणा गरेको छ। साथै सन् २०२३ देखि २०३२ लाई पर्यटन दशकका रुपमा मनाएर ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको छ । चालु आव २०८०/८१ को बजेटमा मुलुकलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनुका साथै पर्यटन प्रवर्द्धन र पूर्वाधार विकास गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गरिने उल्लेख गरिएको थियो । नेपालको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालगायत पर्यटकीयस्थल र सेवाको अन्तर्राष्ट्रियस्तरमा सघन प्रचारप्रसार गरिने उल्लेख गरिएको छ ।

### भारतीय पर्यटक बढे

पर्यटन बोर्डका निर्देशक लामिछानेका अनुसार यस वर्ष भारतीय पर्यटकको संख्या उल्लेख्य रुपमा वृद्धि भएको छ । सन् २०१९ मा दुई लाख ५४ हजार १५० भारतीय पर्यटक नेपाल आएकामा यस वर्ष तीन लाख १७ हजार ४८१ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)




# ऐतिहासिक 'आगम छैँ' पुनर्निर्माण हुने निश्चित

**काठमाडौं–** विवादका कारण पुनर्निर्माणको कामअघि बढ्न नसकेको हनुमानढोका दरबार क्षेत्रमा रहेको आगम छैँको पुनर्निर्माणले गति लिने भएको छ ।

हनुमानढोका क्षेत्रको नासल चोक प्रवेश गर्ने मूल ढोकासँगै रहेको आगम घर (आगम छैँ) नेपाली सीप र शैलीमा पुनर्निर्माण गर्ने विषयमा सरोकारवाला कार्यालयबीच साझा मत भएसँगै उक्त ऐतिहासिक सम्पदाको पुनर्निर्माण हुने निश्चित भएको हनुमान ढोका दरबार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक सन्दीप खनालले जानकारी दिए ।

२०७२ वैशाख १२ गतेको भूकम्पले यस क्षेत्रका ५८ सम्पदामा क्षति भएको थियो । भूकम्पले जीर्ण भएका वसन्तपुर क्षेत्रका केही सम्पदा पुनर्निर्माण भइसकेका छन् । केही पुनर्निर्माणका चरणमा छन् ।

चौक्वाठ शैलीमा निर्मित मल्लकालीन दरबारको दक्षिणपश्चिम कुनामा अवस्थित आगमछैँ मन्दिर पुनर्निर्माणलगायत दरबार क्षेत्रमा रहेका शिवपार्वती डवली, मसान चोकमा थुपारिएका मक्किएका काठ व्यवस्थापन, नारायण सत्तल, कामदेव मन्दिरको पनि पुनर्निर्माण हुने भएको छ ।

### आगमछेँ

नेवार परिवारमा आफ्नै छुट्टै भगवान्स्थल हुन्छ । यसलाई आगम घर मानिन्छ । यसमा परिवारका सदस्यबाहेक अन्यलाई प्रवेश गर्न अनुमति हुँदैन । यसलाई कोठा वा मन्दिरका स्वरूपमा बनाइएको हुन्छ ।

हनुमानढोखा दरबारभित्रको मोहनचोक प्रताप मल्लले बनाएका हुनाले यससँगैको आगमछैँ पनि उनैले बनाएको जनविश्वास छ । यो तान्त्रिक दशमहाविद्या देवी अन्नपूर्णको मन्दिर हो ।

मन्दिरभित्र महत्त्वपूर्ण भित्ते चित्र छ । मन्दिरको चारैतिर तोरणसहित कलात्मक ढोका छन् । आकर्षक झ्यालहरू छन् । टुँडालमा शिव सम्प्रदायका देवीदेवताका प्रतिमा कोरिएका छन् । प्रत्येक छानाको कुनामा मयुर आकृति छन् । प्रताप मल्लले वि.सं. १७२९ मा दरबारको मुख्य प्रवेशद्वार नजिकै हनुमानको मूर्ति स्थापना गराएपछि हनुमानढोका दरबार हुन गएको जानकार बताउँछन् । त्यसपछि श्री ५ पृथ्वीनारायण शाहले वि.सं. १८२६ मा वसन्तपुर दरबार निर्माण गराएपछि यसलाई वसन्तपुर दरबार पनि भन्न थालिएको इतिहास छ ।

हनुमानढोका दरबारको सबैभन्दा पुरानो भाग वि.सं. १६२० तिर तत्कालीन राजा महेन्द्र मल्लले बनाएको मूलचोकलाई मानिन्छ । सुन्दरीचोक, नासलचोक, भण्डारखाल बगैँचा, हनुमानको मूर्ति, तलेजु मन्दिर, जगन्नाथ मन्दिर, काल भौरव, काष्ठमण्डपलगायत वरिपरि रहेका अन्य सम्पदालाई पनि यहाँको महत्त्वपूर्ण सम्पदा मानिन्छ । यस स्थानमा मुख्यगरी विभिन्न ११ वटा महत्त्वपूर्ण चोक छन् । त्यसैगरी यहाँको अर्को महत्त्वपूर्ण सम्पदाका रूपमा रहेको प्रसिद्ध कुमारी घरको निर्माण कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले वि.सं. १८१३ मा गराएका हुन् ।

'युनेस्को'द्वारा बहुमूल्य सम्पदाका रूपमा सूचीकृत विश्वका स्मारक र स्थानलाई विश्व सम्पदा भन्ने गरिन्छ । यसमा कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्त्व राख्ने धरोहरलाई यसमा समावेश गरिन्छ । जुन विश्व सम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ र उक्त समितिमार्फत नै संरक्षण गरिन्छ । *रासस*

# स्थानीय उत्पादन प्रवर्द्धनका लागि सहकार्य गरिने

**ललितपुर (प्रस)–** उपत्यकास्तरीय उपप्रमुख सञ्जालले स्थानीय उत्पादनको प्रवर्द्धनमा स्थानीय तहबीच सहकार्य गर्ने निर्णय गरेको छ । सञ्जालको महांकाल गाउँपालिकामा शनिबार बसेको छैटौं बैठकले स्थानीय तहबीचको औचित्यता कायम गरी सुमधुर सम्बन्ध स्थापित गर्न स्थानीय उत्पादनको उपभोग, प्रवर्द्धन र बजारीकरणमा काठमाडौं उपत्यकाभित्रका सबै पालिकाले सहकार्य समन्वयन गर्ने निर्णय गरेको हो ।

त्यस्तै, बैठकले स्थानीय उत्पादनको सम्भाव्यता बजार र आवश्यकताअनुसारको अन्वेषण आवश्यकताका आधारमा पालिकाले उत्पादित वस्तुको ब्राण्डिङ गर्ने र सञ्जालको सातौं बैठक चन्दागिरि नगरपालिकाले आयोजना गर्ने निर्णय गरेको छ ।

महांकाल गाउँपालिकाका अध्यक्ष गणेशबहादुर केसीले पालिकाको सम्भावित क्षेत्रको प्रवर्द्धन गर्न सबै निकायको सहयोग तथा साथ आवश्यक रहेको जनाए । गाउँपालिकाकी उपाध्यक्ष डोल्मा लामाले यस क्षेत्रलाई दूधबाट बनेका परिकारको नमुना क्षेत्र बनाउन आवश्यक रहेको धारणा राखिन् । काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले महानगरपालिकाले अन्य पालिकासँग सहकार्य र समन्वय गर्दै आएको स्मरण गर्दै उपत्यकाभित्रका स्थानीय तहबीच थप सहकार्य र समन्वयन गर्न प्रतिबद्ध रहेको बताइन् ।

बैठकमा गाँउपालिका-५ का वडाअध्यक्ष भूमिनन्दन घिमिरेले गाँउपालिकामा कृषिको अवस्था, चुनौती र अवसर सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै तरकारी, लोठेसल्ला, बाखालगायतका पकेट क्षेत्रका विकासमा विभिन्न कार्यक्रम सञ्जालन गरेको जानकारी दिए ।

उपत्यकाभित्रको पालिका तर विकासका हिसाबले पछाडि परेको महांकाल गाउँपालिकाको कृषि र पशुपालन प्रमुख आयस्रोतको रूपमा रहेको तर बजारीकरणका कारण फस्टाउन नसेका कारण यस क्षेत्रमा उत्पादित कृषि तथा पशुजन्य वस्तुको उपत्यकाभित्र बजारीकरणलाई प्रवर्द्धन गर्न उपत्यकास्तरीय उपप्रमुखले प्रतिबद्धता जनाएका छन् ।

बैठकमा उपत्यकाभित्रका १८ स्थानीय तहमध्ये १४ वटा स्थानीय तह उपस्थित थिए । एक पालिकाको सिकाइ, अवस्था बुझी असल अभ्यासको अनुशरण गर्न सञ्जालले आवश्यकताअनुसार उपत्यकास्तरीय बैठक सञ्चालन गर्दै आएको छ ।

पृष्ठ १ बाट क्रमशः

### निर्देशक सुवेदीको...

अदालतले विवाद समाधान सम्बन्धमा विपक्षीबाट कुनै प्रयास नभएको पनि अदालतले उल्लेख गरेको छ ।

अदालतले दिएको प्रस्ट आदेशका बावजुद पनि इपिएसका कर्मचारीहरूले अत्यन्त काइते एवं विवेकशून्य व्याख्या गरेर १८ जना निवेदकबाहेक अरुको फारामलाई अस्वीकार गरेका कारण गम्भीर दुर्घटना भएको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले बताए । अदालतको आदेशको मर्म एवं भावनालाई इपिएस शाखाका अधिकारीहरूले कार्यान्वयन नगरेका कारण यो अवस्था आयो,' उनले भने, 'सम्मानित अदालतबाट इच्छुक सबैलाई पुनः इपिएस प्रक्रियामा समावेश गर्ने आदेश गराउन सफल त भयौं तर अदालतको आदेश आउँदा नआउँदै राज्यले दुई जना निर्दोष युवाहरूको ज्यान लियो ।'

यता सरकारले पनि इपिएसका निर्देशक सुवेदीको कमजोरीका कारण उक्त घटना भएको निष्कर्ष निकालेको छ । शुक्रबारको घटनामा सुरक्षा कमजोरी भएको बताउँदै अदालतको फैसला ३ बजे आउने भन्ने कुरालाई राम्रोसँग बुझाउन नसक्दा र संयमता अपनाउन नसक्दा क्षति भएको सरकारका प्रवक्ता रेखा शर्माले बताइन् । अदालतको पूर्ण फैसला आउनुअघि नै इपिएस शाखाले १८ जनालाई मात्र आवेदन दिन आउनू भनी सूचना जारी गराएको र घटना घट्नुको कारण सुवेदी पनि देखिएको भन्दै सरकारले उनलाई निलम्बन गरेको छ ।

### न्यायिक छानबिन...

तर, पीडित परिवारले भने प्रहरी अधिकारी सम्मिलित छानबिन समितिमाथि नै प्रश्न गरेका छन् । बरु, न्यायिक छानबिन समिति गठन गर्नुपर्नेमा जोड दिएका छन् । मृतक परिवारजनले घटनाको सत्यतथ्य र निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । पीडित परिवारका सदस्यहरूसँग सांसदहरू पनि प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

घटनामा राज्यपक्षबाट कमजोरी भएको सरकारले स्वीकारेको छ । यसैबीच सरकारले ललितपुरका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र इपिएस कोरिया शाखाका निर्देशकलाई जिम्मेवारीबाट हटाएको छ ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठको मन्त्रीस्तरीय निर्णयअनुसार ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित, जिल्ला प्रहरी परिसर, ललितपुरका प्रमुख एसएसपी शिद्धिविक्रम शाह र इपिएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई जिम्मेवारीबाट हटाउने निर्णय गरिएको हो । प्रजिअ पण्डित गृह मन्त्रालयमा तानिएका छन् । एसएसपी शाहलाई प्रहरी मुख्यालयमा तानिएको छ ।

ललितपुर प्रहरीबाट फिल्डमा खटिएका प्रहरी नायव उपरीक्षक (डिएसपी) उमेशराज लम्साल र भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाका निजी सुरक्षा अधिकृत (पिएसओ) बोधराज दनुवारलाई भने निलम्बन गर्ने मन्त्रीस्तरीय निर्णय भएको छ । घटनाबारे छानविन समितिले काम गरिरहेको र समितिको कामलाई वस्तुनिष्ठ बनाउन घटनास्थलमा सुरक्षा कमाण्डको जिम्मेवारीमा खटिएकालाई हटाएको गृह प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

'जे नहुनु थियो भयो । जुन दुःखद् हो । मन्त्रीस्तरीय निर्णयले छानविन प्रभावित नहोस् भनेर ललितपुरका सिडिओ, एसएसपी र इपिएस शाखाका निर्देशक हटाउने र फिल्डमा कमाण्ड सम्हाल्ने डिएसपीसँगै मन्त्रीज्यूका पिएसओ हटाउने निर्णय भएको छ,' भट्टराईले प्रभावसँग भने ।

घटनाका सन्दर्भमा गृह मन्त्रालय अत्यन्त संवेदनशील रहेको भन्दै घटनाप्रति दुःख पनि व्यक्त गरेको छ । सबै नागरिककले आफ्ना विषय शान्तिपूर्ण रूपमा राख्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्न सरकार निरन्तर लागि परिरहेको पनि मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले छैटौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनको उद्घाटन गर्दै शुक्रबारको घटनामा कहीँ न कहीँ कमजोरी भएको बताएका थिए ।

'हाम्रो मन्त्रीजीको पिएसओले परिस्थितिको राम्रो आँकलन नगरिकन त्यो गाडी लिएर जाने प्रक्रियामा गम्भिर त्रुटि भएको महसुस गरेर उहाँलाई निलम्बन गर्ने निर्णय गरिएको छ,' दाहालले भने, 'त्यसैगरी गोली चलाउन आदेश दिनेमा पनि त्रुटिपूर्ण ठानेर गोली चलाउन आदेश दिने अधिकारीलाई पनि छानबिनको रिपोर्ट नआउँदासम्म निलम्बन गरिएको छ ।'

शुक्रबार रोजगार अनुमति प्रणाली (इपिएस) को कार्यालय ग्वार्को अगाडि युवाहरूले धर्ना र प्रदर्शन गरेका थिए । उनीहरू पानी पानीजहाज बनाउने कामका लागि कोरियाली भाषा परीक्षा दिएर फेल भएकाहरू थिए । उत्पादनमूलक कामका लागि भएको भाषा परीक्षाको फाराम भर्न पाउनुपर्ने उनीहरूको माग थियो । तर, प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको थियो । प्रदर्शनकारीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको गाडी समेत जलाएका थिए ।

घटनालाई लिएर प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले प्रहरी दमनबारे छलफल गर्न बैठक बोलाएको छ । बैठक सोमबार बस्नेछ । बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पनि बोलाएको छ । राज्य व्यवस्था समितिमा तीनवटै सुरक्षा निकायका प्रमुखलाई पनि बोलाइएको छ ।

### मृतक परिवारलाई १० लाख

बालकुमारी घटनामा मारिएका दुई युवकका परिवारलाई सरकारले राहतस्वरूप १०-१० लाख रूपैयाँ प्रदान गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदर्शनका क्रममा मारिएका अछामका वीरेन्द्र शाह र दैलेख सुजन रावतको परिवारलाई राहत दिने निर्णय गरेको हो ।

शनिबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकपछि सञ्चारमन्त्री रेखा शर्माले सरकारले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको पनि जानकारी दिइन् । उनले प्रदर्शनका क्रममा घाइते भएकाहरूको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्ने निर्णय गरिएको बताइन् ।

### विरोध प्रदर्शन

घटनालाई लिएर शनिबार ठाउँठाउँमा प्रदर्शन भएको छ । काठमाडौंको माइतीघर र सुर्खेतमा प्रदर्शन भयो । माइतीघरमा प्रहरीले निशेधित क्षेत्र तोडेको भन्दै छ जनालाई नियन्त्रणमा लिएको थियो ।

प्रदर्शनकारीहरूले गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको राजीनामा मागे । घटनालाई लिएर सत्तारूढ दल र विपक्षी दलका नेताहरूले सरकारको आलोचना गर्दै आएका छन् ।

शनिबार नै दशरथ रंगशालामा फुटबल हेर्ने दर्शकहरूले मृतकहरू राउत र शाहप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । नेपाल सुपर लिग (एनएसएल) को फाइनलमा धनगढी एफसी र ललितपुर सिटी एफसीबीचको खेल हेर्न आएका दर्शकहरूले श्रद्धाञ्जली व्यक्त गरेका हुन् । दर्शकहरूले उनीहरूको तस्बिर राखेर हार्दिक श्रद्धाञ्जली लेखेको प्लेकार्ड प्रदर्शन गरेका थिए ।

### पुरानै लयमा...

भारतपछि अमेरिकी पर्यटक बढेका छन् । अमेरिकी पर्यटकको संख्या यस वर्ष ९९ सय हजार ९८५ पुगेको छ । सन् २०१९ मा ९३ हजार २४१ अमेरिकी पर्यटक आएका थिए । बंगलादेशबाट पनि नेपाल आउने पर्यटक बढेका छन् । सन् २०१९ मा २४ हजार हाराहारी आएका बंगलादेशी पर्यटकको संख्या यस वर्ष ३६ हजार १९१ पुगेको छ ।

त्यसैगरी चिनियाँ पर्यटकको संख्या पनि क्रमशः बढिरहेको छ । यस वर्ष ६० हजार १६० चिनियाँ पर्यटक नेपाल भित्रिएका छन् । सन् २०१९ मा एक लाख ६९ हजार ५४३ चिनियाँ पर्यटक नेपाल आएका थिए । कोभिडपछि सीमानाका खुलेका र चिनियाँ एयरलाइन्सको उडान पनि बढिरहेकाले आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने बोर्डको विश्वास छ । यस अवधिमा म्यानमारबाट १२ हजार ६८८, श्रीलंकाबाट २१ हजार ८४४, संयुक्त अधिराज्य बेलायतबाट ५२ हजार ७९१ विदेशी पर्यटक भित्रिएका छन् ।

### कुन महिनामा कति पर्यटक ?

पर्यटन बोर्डका अनुसार यस वर्षको अक्टोबरमा सबैभन्दा बढी एक लाख १७ हजार ३०६ पर्यटक आएका थिए । जुन आँकडा कुनै एक महिनामा भित्रिने विदेशी पर्यटकको संख्या हालसम्मकै बढी हो ।

वर्षको सुरु जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार २५५, मार्चमा ९९ हजार ४२८, अप्रिलमा ९८ हजार ७७४, मेमा ७७ हजार ७०२, जुनमा ७२ हजार २४८, जुलाईमा ५७ हजार ७२५, अगस्टमा ६७ हजार १५३, सेप्टेम्बरमा ९१ हजार १२, नोभेम्बरमा एक लाख ८६ हजार २८ र डिसेम्बरमा ९० हजार ३०९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । आज वर्षको अन्तिम दिनसम्म यो संख्या केही बढ्ने अनुमान गरिएको छ ।

### पर्यटन पुरानै लयमा

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सञ्चारकर्मीसँग कुराकानी गर्दै कोभिड-महामारीपछि मुलुकको पर्यटन करिब पुरानै लयमा फर्किएको बताए । उनले सरकारको लक्ष्यअनुरुप विदेशी पर्यटक भित्रिएको र अगामी वर्ष विदेशी पर्यटकको संख्या दोब्बर बनाउन प्रभावकारी कार्यक्रमअघि बढाइने बताए ।

पर्यटनमन्त्री किरातीले भने, 'देशको पर्यटन करिब पुरानै लयमा फर्किएको छ । यो वर्ष १० लाख बढी विदेशी पर्यटक भित्रिएका छन् । नेपाल वायुसेवा निगम सुधार्न र जहाज थपेर सेवा प्रभावकारी बनाउन रणनीतिक महत्वका काम अघि बढाइएको छ । हवाई क्षेत्रको सुधारका लागि धेरै काम भएका छन् । यसले पनि पर्यटन बढोत्तरीमा मद्दत पुग्ने छ ।'

प्रधानमन्त्री दाहालको सम्बोधनमा ठूलो खर्च भएका पोखरा र भैरहवास्थित अन्तर ाष्ट्रिय विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउन र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट छिमेकी मुलुकका नजिकका विमानस्थलसम्म कम उचाइमा उडान गर्ने साना विमान सञ्चालनको पहल भइरहेको उल्लेख छ ।

भैरहवा र पोखरा विमानस्थलबाट अन्तर ाष्ट्रिय उडान र अवतरण गर्ने विमानलाई इन्धन, टर्मिनल, ग्राउण्ड ह्याण्डलिङ र अन्य सेवा शुल्कमा सहुलियत दिएर प्रोत्साहन गरिने उनले बताए । साथै, निजगढ विमानस्थलको निर्माण सुनिश्चित गरी काठमाडौं, भैरहवा र पोखरा विमानस्थलको विस्तार तथा सञ्चालन पनि सार्वजनिक-निजी साझेदारी मोडेलमा अघि बढाउने विकल्पमा छलफल भएको जानकारी दिएका थिए । *रासस*


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/०९/१५**

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**को आ.व. २०७९/८० को C1S1 मा गरिएको पुनरुत्पादन कटान कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको कचनापुरस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (अस्ना, जामुन, धौटी, कुसुम, पानन आदि) को काठ थान ७३० को परिमाण ४६३७.३२ क्यु' फिट तथा साल जातको दाउरा १०.५० चट्टा र अन्य जातको दाउरा ३०.५० चट्टा (झाडी सफाइको ९.५० चट्टा समेत) दाउरा जम्मा ४१ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक मिति २०८०/०६/१० गते प्रकाशित भएकोमा कुनै पनि दरभाउ पत्र दाखिला नभएको हुँदा पुनः दोस्रो पटकको लागि सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, कञ्चनापुर, बाँके**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १५ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | अरूको विश्वास गर्दा धोका हुन सक्छ । |
| **वृष** | स्रोत र साधन जुट्नाले कर्मको उचित प्रतिफल । |
| **मिथुन** | अध्ययनमा प्रगति, चिताएको काम सम्पन्न । |
| **कर्कट** | नयाँ काम, धन आर्जन, कमिकमजोरीमा सुधार । |
| **सिंह** | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| **कन्या** | भविष्यकालागि लगानी, काम पूरा गर्न समय लाग्नेछ । |
| **तुला** | सामाजिक कार्यमा हौसल्ला, आँटले दिगो फाइदा । |
| **वृश्चिक** | रोकिएका काम सम्पन्न, कामप्रति जिम्मेवारी। |
| **धनु** | स्वास्थ्यमा उपचारमा खर्च, धनमाल हराउन सक्छ । |
| **मकर** | प्रतिक्षा गरिएको उपलब्धि, नयाँ ज्ञानको उत्साह । |
| **कुम्भ** | शत्रुहरु किनारा लाग्ने, ईर्ष्या गर्नेले सहयोग गर्ने । |
| **मीन** | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १५ गते, २०८०, ३१ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।




**तमू ल्होसारको रौनक** | तमू ल्होसार पर्वको अवसरमा भरतपुरस्थित नारायणी नदी किनारमा गुरुङ समुदायको धार्मिक संस्था तमू प्लेहु संघ चितवनले शुक्रबार सांस्कृतिक कार्यक्रम आयोजना गरेको हो । तमू ल्होसारको मुख्य दिन आज देशभरका गुरुङ समुदायले हर्षोल्लासका साथ ल्होसार पर्व मनाउँदै छन् । *तस्बिरः हीरालाल गुरुङ/रासस*

# ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ

**काठमाडौं–** नेपालमा ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको पहिचान ‘स्क्रिनिङ’ गरिएको छ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनका लागि ३० देखि ४९ वर्ष उमेर समूहका महिलामा स्क्रिनिङ गरिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परिवार कल्याण महाशाखाकी वरिष्ठ कम्युनिटी प्रशासक कविता अर्यालले स्क्रिनिङ गरिएकामध्ये सात प्रतिशतमा पाठेघरको मुखको क्यान्सर देखिएको जानकारी दिइन् । उनका अनुसार ललितपुर, पाल्पा, सर्लाही, महोत्तरी र रौतहट जिल्लामा उक्त स्क्रिनिङ गरिएको छ ।

सरकारले सन् २०३० सम्म ९० प्रतिशत महिलाको महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्ने लक्ष्य लिएको छ । पाठेघरको क्यान्सर विश्वमा पाँचौं नम्बरमा र नेपालमा पहिलो नम्बरमा पर्दछ । उनका अनुसार पाठेघरको मुखको क्यान्सरबाट विश्वमा दिनमा चार जनाको मृत्यु हुने गरेको छ । सरकारले पाठेघरको मुखको क्यान्सरबाट जोगाउनका लागि १० वर्षदेखि १४ वर्ष उमेर समूहका करिब १० हजार किशोरीलाई गत भदौ २७ गते एचपिभी खोप अभियान सञ्चालन गरेर खोप लगाइएको थियो । महिलामा असुरक्षित यौनसम्पर्क, धूमपान र सानै उमेरमा विवाह गर्नेजस्ता कारणले पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ ।

सरकारले सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सर उन्मूलनका लागि ९० प्रतिशत महिलालाई १५ वर्षको उमेरभित्र एचपिभी खोप लगाउने, ७० प्रतिशत महिलाहरूको ३५ वर्ष उमेरमा एकपटक खोप लगाउने र फेरि ४५ वर्ष उमेरमा स्क्रिनिङ गर्ने तथा ९० प्रतिशत महिलाको पाठेघरको मुखको रोगको पहिचान गरेर उपचार गर्ने लक्ष्य लिएको छ । यो लक्ष्य पूरा गर्न सक्ने हो भने नेपालमा सन् २०३० सम्ममा ३० प्रतिशत मृत्युदर घटाउन सकिने जनाइएको छ ।

मन्त्रालयले पाठेघरको मुखको क्यान्सर रोकथाम निर्देशिका २०७९ अनुसार ३० वर्षभन्दा माथिका सामान्य महिलाको स्क्रिनिङ र एचआइभी संक्रमित भएका महिलाको २५ वर्ष उमेरदेखि नै पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्ने लक्ष्य लिएको छ । निर्देशिका अनुसार सामान्य महिलाको हरेक पाँच वर्षमा र एचआइभी संक्रमित भएका महिलाको हरेक तीन वर्षमा स्क्रिनिङ गरिने छ ।

स्त्रीरोग क्यान्सर विशेषज्ञ डा. सरिता घिमिरले सुरुमा पाठेघरको मुखको क्यान्सरको लक्षण नदेखिने र पछि क्यान्सर बढेपछि मात्र थाहा पाउने भएकाले बताइन् । उनले महिनावारी नभएको बेला रगत बग्ने, यौन अंगबाट रगतसँगै सेतो पानी आउने, यौन सम्पर्कपछि रगत बग्नेजस्ता पाठेघरको मुखमा क्यान्सर भएपछि देखिने लक्षण रहेको बताइन् ।

उनले पाठेघरको मुखको क्यान्सर समयमा नै उपचार गरे ठीक हुने बताइन् । धेरैजसो ४० वर्षमाथिका महिलालाई क्यान्सर हुने सम्भावना रहन्छ । उनले पाठेघर फचाँकेपछि पाठेघरको मुखको क्यान्सर हुँदैन भन्ने गलत धारणाले धेरै महिलाले पाठेघर फालेकोसमेत बताइन् । ‘पाठेघर फालेकालाई पनि क्यान्सर हुने सम्भावना हुन्छ,’ उनले भनिन् ।

प्रशासक अर्यालले ‘ह्युमन प्यापिलोमा भाइरस’ (एचपिभी)ले शरीरमा आक्रमण गरेको १५ देखि २० वर्षपछि पाठेघरको मुखको क्यान्सर देखापर्ने बताइन् । ‘एचपिभी भाइरसलाई हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमताले भगाउने गर्दछ,’ उनले भनिन्, ‘भाइरसका कारण २० प्रतिशत महिलालाई मात्र क्यान्सर हुने सम्भावना हुन्छ ।’ एचपिभी भाइरसले ९९ प्रतिशत र असुरक्षित यौनसम्पर्क, धूमपान तथा सानै उमेरमा विवाह गर्नाले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ । *रासस*

# अत्यधिक चिसो बढेपछि बाँकेको जनजीवन प्रभावित

**खजुरा (बाँके)–** दुई दिनदेखि लगातार चिसो बढेपछि यस क्षेत्रको जनजीवन प्रभावित भएको छ । बाँकेको नेपालगञ्ज, कोहलपुर, खजुरा, नरैनापुरलगायत क्षेत्रमा चिसोले जनजीवन कष्टकर बनेको हो । बिहानैदेखि बाक्लो हुस्सु लागेको छ ।

चिसोले बजार तथा सहरी क्षेत्रमा चहलपहल घटेको छ भने सडकमा सवारीसाधन कम चलेका छन् । नेपालगञ्जमा हरेक दिन बिहान दुई घण्टा शीतलहर चल्न थालेको छ । ‘बिहानैदेखिको हुस्सुले अत्यधिक चिसो भएको छ,’ नेपालगञ्जका स्थानीय रामसुहावन यादवले भने, ‘निरन्तरको चिसोले गर्दा घरभन्दा बाहिर निस्किने सकिएको छैन ।’ यहाँका मान्छेहरू अत्यावश्यक काममा बाहेक अरू अवस्थामा बाहिर निस्केका छैनन् ।

अत्यधिक चिसोले गर्दा दैनिक ज्यालादारी काम गर्नेहरू बढी मारमा परेका छन् । उनीहरू काममा जान पाएका छैनन् । चिसोले गर्दा काममा जान नपाएको बाँके डुडुवा गाउँपलिका-४ का मजदुर रामदिन गोडियाले भने, ‘काम नगर्दा परिवार चलाउन मुस्किल पर्छ, केही दिन यस्तै चिसो रह्यो भने समस्या हुने देखिन्छ ।’

दैनिक ज्यालादारी काम गर्न पहाड° तथा भारतीय सीमावर्ती क्षेत्रबाट तराईका जिल्लामा सर्वसाधारण भर्ने गर्छन् । दिनभरि एकपटक पनि घाम नलाग्दा काममा जान सक्ने अवस्था नभएको अर्का मजदुर बालकराम गोडिया बताउँछन् । आगो बालेर यहाँका नागरिकले चिसो भगाउने प्रयास गरेका छन् । ‘घरभन्दा बाहिर जान सक्ने अवस्था भएन,’ उनले भने, ‘त्यसैले घरमा आगो तापेर बसेको छु ।’

चिसोले बिहान आवतजावत गर्ने विशेषगरी विद्यार्थी, मजदुर, बालबालिका, गरिब, असहाय, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् । चिसोकै कारण बिरामी बढेका छन् । चिसोसँगै दम, निमोनिया, रुघाखोकी, ज्वरोलगायत रोगका बिरामी बढेका हुन् । भेरी अस्पतालमा बालबालिका, वृद्धवृद्धा, मुटु, मिर्गौला, फोक्सो, मधुमेह तथा अन्य दीर्घरोगी चिसोले बढेको अस्पतालका फिजिसियन डा. संकेत रिसालले बताए । अधिक चिसोले गर्दा बालबालिका, दीर्घरोगीलाई समस्या भएको छ । केही दिनअघि बिहान बाक्लो हुस्सु लाग्ने गरेको भए पनि दिउँसो मौसम सफा हुँदै गएको थियो, तर दुई दिनदेखि निरन्तर घाम नलागेपछि चिसो बढेको छ । *रासस*


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/०९/१५**

**श्री किसान सामुदायिक वन उपभोक्ता समूह**को स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२७४९ मिति २०८०/०१/३० को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरूमध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २४३ मिति २०८०/०४/१५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, असना, जामुन र धौटी जातका गोलिया थान १५४ को २९६८.८० काठ, साल जातको दाउरा ८.०० चट्टा र अन्य जानको दाउरा १०.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको कार्य गर्नका लागि डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो दोस्रो पटक सुचना प्रकाशित भएकोले मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री किसान सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर-१, कालाफाँटा, बाँके**


### मुख्यमन्त्रीहरूसँग प्रधानमन्त्रीको प्रतिबद्धता

# संघीय ऐनलाई टुंगोमा पुर्‍याउँछु



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक संघीय कानुन निर्माणका निम्ति आफू गम्भीररूपमा लागिपरेको बताएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा शनिबार सातवटै प्रदेशका मुख्यमन्त्रीसँगको सामूहिक छलफलका क्रममा प्रधानमन्त्री दाहालले संघीयताको परिकल्पनाकार र संविधान निर्माणकोसमेत अगुवा हुनुको नाताले आफ्नो ध्यान संघीयताको कार्यान्वयनमा केन्द्रित भएको बताए ।

उनले भने, ‘तपाईंहरू सबै जानकार नै हुनुहुन्छ, मैले नै संघीय गणतन्त्रको परिकल्पना गरी त्यसका निम्ति संघर्ष गरेको थिएँ, त्यसलाई संविधानमा लिपिबद्ध गर्नसमेत भूमिका खेलेको छु, नेतृत्व लिएको छु, त्यसैले संघीयता कार्यान्यवन मेरो सबैभन्दा ठूलो चासो र प्राथमिकताको विषय हो ।’ उनले संघीय संसद्मा सहभागी सबै दललाई पनि सहमत गराएर संघीयतालाई कायान्वयन गर्न खोज्दा केही समय लागेको बताए ।

‘वर्तमान सरकारले संघीय निजामती ऐन, संघीय शिक्षा ऐन, प्रहरी समायोजन ऐनलगायत संघीयता कार्यान्वयनसम्बन्धी ऐन निर्माणका लागि द्रुत गतिका साथ काम गरिरहेको यहाँहरूलाई जानकारी नै छ,’ प्रधानमन्त्री दाहालले भने, ‘विधेयकहरू प्रस्तुत पनि भइसकेका छन्, अब छलफलको माध्यमबाट त्यसलाई निष्कर्षमा लैजान बाँकी छ । शीर्ष तहमा छलफल गरेर त्यसलाई टुंगो लगाउन थप पहल गर्ने छु ।’

सो अवसरमा सातै प्रदेशका मुख्यमन्त्रीले संविधानले व्यवस्था गरेका संघीय अधिकार कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गरेका थिए । मुख्यमन्त्रीहरूले नेपालको संविधानमा व्यवस्था भएका साझा अधिकार सूची प्रयोगको व्यवस्था मिलाउन तथा गत असारमा पोखरामा सम्पन्न मुख्यमन्त्री सम्मेलनको निष्कर्ष कार्यान्वयन गर्न सरकारको प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गरेका थिए ।

संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण नेपाल सरकार, संघीय संसद् र राजनीतिक दलको साझा दायित्व भएकामा जोड दिँदै मुख्यमन्त्रीहरूले राजनीतिक सहमतिका लागि प्रधानमन्त्रीले समन्वय गर्नुपर्नेमा जोड दिएका छन् ।


**Government of Nepal**
**Ministry of Home Affairs**
**Department of Immigration**
**Kalikasthan, Dillibazar, Kathmandu, Nepal**

## INVITATION FOR BIDS

***Date of publication: 2080/09/15***

**Invitation for Bids No: DOI/G/NCB-04/2080-81**

1. The **Department of Immigration** invites ***electronic*** bids from eligible bidders for the procurement of ***The Supply, Delivery, Installation, Support and Upgradation of DC/NLDC/DR Infrastructure*** under National competitive bidding – Single Stage Two Envelope procedures**.**Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu, Email: info@immigration.gov.np, Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.*** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. A complete *set* of Bidding Documents may be purchased from the office ***Department of Immigration, Kalikasthan, Kathmandu*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs ***3000*** till ***2080/10/14*** during office hours. Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: ***Global IME Bank Ltd.*** Name of Office: ***Department of Immigration***
   Office Code no. **314033501(new)/27-314-16(old)** Office Account no.: **0004010000001**
   Rajaswa (revenue) Shirshak no. **14229**
4. Pre-bid meeting shall be held at meeting Hall of Department of Immigration, Kalikasthan, Kathmandu at 2080/09/23, 1:00 PM
5. Electronic bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before ***12PM*** on ***2080/10/15***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2PM on 2080/10/15*** at the office of ***Department of Immigration, Kalikasthan***, Kathmandu Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***17,50,000 (Seventeen lakhs fifty thousand only)***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***2080/02/15***)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बालकुमारी घटनाका दोषीलाई कारबाही गर

नेतृत्वमा बसेको व्यक्तिले सही समयमा सही निर्णय लिन नसक्दा ठूलो क्षति हुन जाने कुरा शुक्रबारको बालकुमारी घटनाले पुष्टि गरेको छ । गुरुदत्त सुवेदी, जो वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका निर्देशकको जिम्मेवारीमा थिए (हाल निलम्बित), उनको एउटा गलत निर्णयले दक्षिण कोरियामा रोजगारीका लागि जाने तयारीमा रहेका दुई युवाको ज्यानै जानेसम्मको घटना भयो । सुवेदीले अदालतको आदेशको मर्मविपरीत सूचना जारी गरेका कारण युवाहरु आन्दोलित भएको हालसम्मका तथ्यहरु अध्ययन गर्दा बुझिन्छ ।

दक्षिण कोरियाको नेपालस्थित एचआरडी सर्भिस अफ कोरियाले इपिएसमार्फत कोरिया जान चाहनेका लागि लिइने भाषा परीक्षामा एक वर्षमा एक क्षेत्रका लागि मात्रै आवेदन दिन पाउने व्यवस्था गरेको उल्लेख गर्दै शिप बिल्डिङतर्फ अनुत्तीर्ण भएकाहरुलाई उत्पादनतर्फको आवेदन दिन इपिएस शाखाले रोक लगाएको थियो । शिप बिल्डिङतर्फ असफल युवारुले त्यसको विरोध गर्दै आन्दोलित भए । उता १८ जना युवाले त्यसविरुद्ध दिएको रिटमा पाटन उच्च अदालतले सबैलाई भाषा परीक्षामा सहभागी गराउन आदेश दियो । तर, उक्त आदेशलाई अपव्याख्या गर्दै सुवेदी नेतृत्वको इपिएस कोरिया शाखाले १८ जना निवेदकबाहेक अरुको आवेदनलाई अस्वीकार गर्ने निर्णय गऱ्यो । यही कारण गम्भीर दुर्घटना भयो ।

गम्भीर कुरा त के छ भने, शुक्रबार दुई जनाको मृत्यु भएपछि भने शाखाले सबैलाई परीक्षामा सहभागी गराउने भन्दै शुक्रबार नै सूचना जारी गऱ्यो । आखिर अदालतको आदेशबमोजिम अगाडि नै उक्त निर्णय गरेको भए दुई युवाले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था आउने थिएन ।

यस घटनामा निर्देशक सुवेदीमात्र दोषी छैनन् । आन्दोलनमा गोली चलाउन आदेश दिने व्यक्ति पनि उत्तिकै दोषी हुन् । शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारी पाएको जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीले पनि यसको जिम्मेवारी लिनुपर्छ । त्यसो त आफ्नो माग पूरा गराउन हिंसात्मक आन्दोलन गर्नु कुनै पनि हिसाबले ठीक होइन । मन्त्री होस् वा जो सुकैको गाडीमा आगजनी वा तोडफोड गर्नेजस्ता अराजक कार्य स्वीकार्य हुँदैन । यस्तो अराजकता नियन्त्रणमा असफल सुरक्षा निकाय र प्रशासनका अधिकारीहरु यस घटनाका जिम्मेवार हुन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालले घटनाका दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन् । सरकारले घटनालगत्तै छानबिन समिति पनि बनाएको छ । यद्यपि, यसले सत्यतथ्य बाहिर ल्याई दोषीलाई कारबाही गर्नेमा आशंका छ । विगतकै जस्तो 'कर्मकाण्डी' छानबिन होइन, घटनाका मुख्य दोषीहरु पत्ता लगाई कारबाही गरियोस् । पीडितहरुका लागि आर्थिक क्षतिपूर्तिभन्दा यो नै ठूलो न्याय हुने छ ।

## मनन्योग्य

### चाणक्य नीति

राक्षस र पुरुले एउटै कुरा सोच्न लागे कदाचित् चन्द्रगुप्त विजयी भए उनको शक्ति अरू पनि बढ्छ फेरि उनलाई जित्न असम्भव हुन्छ यदि चन्द्रगुप्तलाल मारिए भने मुनानीले फेरि हामीसँग भिड्न सोच्नेछ र चन्द्रगुप्त मरेमा हाम्रो उद्देश्य सिद्ध हुँदैन, चाणक्य त्यो शक्ति हो जसले दश चन्द्रगुप्त पैदा गर्दछ-राक्षसले भने ।

यता यो सोचविचार भइरहेथ्या पुनः एक घोडचढी आएको आवाज आयो केही बेरपछि कुनै सैनिक रक्ताम्य भई आइरहेछ । त्यो पुरुको सेनानायक थियो । नजिक आई हतारिँदै भन्यो-युद्धभूमिको त पासै पल्टियो । चन्द्रगुप्तको पराजय निश्चित थियो । उनले कसरी तुफानको रूप धारण गरे, कुरा कुरैमा सेल्युकसलाई बन्दी बनाइदिए । अनि ... ।

अनि के, राक्षसले आवेश र जिज्ञासाले सोधे ।

अनि चाणक्यका आज्ञाले सबै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुयाइदिए- सैनिकले उत्तर दिए । यो मुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे । पुरुले भने लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको बारे थाहा भयो ।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो । जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे । त्यसबेला हामी सहायताका लागि नजिकै खड ा थियौं । हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन ।

थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो । हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं । हाम्रा धेरै सैनिक मरे । केही सैनिक मात्र प्राण बचाएर भाग्न सफल भयौं ।'

रक्ताम्य सेनानायक आफ्नो उपचार गराउन हिँडे पुरु र राक्षस विचारमा मग्न रहे । चिन्तातुर हुँदै राक्षसलाई हेर्दै पुरुले भने- 'अब के हुन्छ ? हुन्छ के ? अब पनि हामी आफ्नो शक्ति एकत्र गर्छौं यदि चन्द्रगुप्तले कैकेयपट्टि हेर्ने साहस गरे त्यो महंगो हुनेछ सुतका राजा चित्रवर्मा, मलायाधिपति सिंहनाद कश्मीर नरेश पुष्करनवन, सिन्धुपति सिन्धुसेनलाई निमन्त्रणा पठाउनुहोस् । आफ्नो सेना तयार राख्नोस मी चन्द्रगुप्तसँग प्रत्यक्ष युद्ध पनि गर्नसक राक्षसले अनुहार कालो नीला पाई हत्केलामा हातले हिर्काउदै भने । क्रमश :

# विज्ञान र प्रविधिमार्फत समाज रूपान्तरण



डा. रविन्द्रप्रसाद ढकाल

नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात् गरेको छ । राष्ट्रको सर्वांगीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्त्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरूको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ । जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ ।

नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । वि.सं. २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ । यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरूलाई समेट्ने प्रयास गरेको छ । आर्टिफिसियल इन्टिलिजेन्स (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इञ्जिनियरिङको अधिकतम् उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइबर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रूपमा लिइएको छ ।

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले स्थापनादेखि निरन्तररूपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सु-सूचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरूबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ । विज्ञान तथा प्रविधि विकासका लागि नेपाल सरकारले एक अर्बको कोष स्थापना गर्ने चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम समावेश गरिसकेको छ । केही प्रक्रियागत व्यवस्थापन भएपछि उक्त कोषबाट प्रतिभावान् युवाहरूलाई स्वदेशमा रहेर अनुसन्धान गर्ने मौका अभिवृद्धि हुने छ । प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ । नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ ।

मुलुकमा विज्ञान र प्रविधिको प्रवर्द्धनमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले स्थापनाकालदेखि विज्ञान तथा प्रविधिलाई विकाससँग आबद्ध गरी यसको लाभ र उपलब्धिलाई आमजनतामा प्रवाह गरी गुणस्तरीय जीवन हासिल गर्नेमा जोड दिँदै आएको छ । जनताको आवश्यकता र समाज परिवर्तनका लागि वैज्ञानिक अध्ययन र क्रियाकलापहरू सञ्चालनमा विशेष जोड दिँदै नास्टले आफ्ना गतिविधिहरू समाज केन्द्रित गरेर अगाडि बढाइरहेको छ । विश्लेषणात्मक सेवा केन्द्रमार्फत जीवनका हरेक आवश्यक विश्लेषणात्मक कार्यमा जनतालाई सेवा पुऱ्याउने कार्यमा विज्ञानमा आधारित भई आफ्नो संकाय र केन्द्रहरू स्थापना गरिएका छन् ।

नास्टको स्थापना भएको चार दशक भइसकेको छ । विज्ञान र प्रविधिको विकास गर्न नास्टले आफ्नो भूमिका अब फरक ढंगबाट निभाउन जरुरत भइसकेको पनि देखिन्छ । तसर्थः आफ्नो चार दशक अगाडि बनाइएको संरचनामा परिमार्जित गर्नु आवश्यक भएको महसुस नास्टले गरेको छ । यसैलाई मनन गरी नास्टको संरचना परिमार्जन गर्दै यसका गतिविधिलाई अझ सशक्त ढंगबाट अगाडि बढाउन यसका उद्देश्य र संरचना पुनः परिभाषित र परिमार्जन गर्न मन्त्रालयको प्रतिनिधिसहित विभिन्न प्राज्ञिक संस्थाका प्रतिनिधिहरू सम्मिलित भएको एक संरचना परिमार्जन समितिमार्फत कार्य अगाडि बढाइरहेको छ ।

विज्ञान प्रविधि क्षेत्रको कार्य अन्तरसम्बन्धित भएको हुँदा विभिन्न संघसंस्थाहरूबीच सहकार्य र समन्वयमा मात्र सम्भव छ । एकल संस्थाको प्रयासबाट मात्र सफलता प्राप्त गर्न कठिन हुने हुन्छ । नास्टले यस कुरालाई मनन गरी राष्ट्रिय, अन्तराष्ट्रिय संघसंस्थासँग सहकार्य र समन्वयन गरी आफ्नो गतिविधि सञ्चालित गरिरहेको छ । पछिल्लो चार वर्षमा करिब चार दर्जन सरकारी, गैरसरकारी, विभिन्न स्थानीय तह, मन्त्रालय, अन्तर्राष्ट्रिय संघसंस्थासँग समझदारीपत्र र सम्झौतापत्रमा हस्ताक्षर गरी सहकार्य र समन्वयमा वैज्ञानिक गतिविधिहरू अगाडि बढाएको छ ।

हाले प्रधानमन्त्रीले नास्टको प्रविधि भवन र बायोमेडिकल रिसर्च ल्याबोरोटरी भवन समुद्घाटन गरेका छन् । यसले अनुसन्धान र प्रविधि केन्द्रहरूबाट अन्तर्राष्ट्रियस्तरका अनुसन्धानका परीक्षणहरू र नतिजाहरू निस्कने वातावरण सिर्जना हुने छ । प्रविधि विकास भवनबाट प्रविधि विकास र हस्तान्तरणमा सहज हुने, प्रयोगशालाको विकास हुने वातावरण निर्माण गर्न टेवा पुग्ने तथा बायोमेडिकल रिसर्च ल्याबोरेटरी नेपालका औषधिजन्य गुण भएका र औषधि विकास गर्न आवश्यक पर्ने परीक्षणहरू गर्न सहयोग पुग्ने छ ।

विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन । एक ठाउँको अनुसन्धान र आविष्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्भूत रूपमा भैरहेको छ । नास्टले पनि विज्ञान कूटनीतिमा विश्वास राखी विज्ञान कूटनीतिलाई प्रयोग गरी नास्टको समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिँदै छ । कोरिया सरकारको एनआइए संस्थाको सहयोगमा नास्टस्थित इन्फरमेसन एक्सेस सेन्टर स्थापना गरी सूचना र सञ्चारसम्बन्धी ज्ञान विद्यार्थी र इच्छुकहरूलाई दिँदै आइरहेको छ । नास्टले आफ्नो गतिविधि सञ्चालन गर्दा समावेशीतालाई विशेष ध्यान दिएको छ । युवा वैज्ञानिक फोरम र महिला वैज्ञानिक फोरम स्थापना गरी युवा र महिला वैज्ञानिकको क्षमता अभिवृद्धि गर्ने र युवा एवं महिला वैज्ञानिक र प्राविधिकलाई सहयोग र प्रोत्साहन गर्ने खालका गतिविधिहरू सञ्चालनमा नास्टले सहयोग पुऱ्याउँदै आएको छ । विज्ञान विषयका विद्यार्थीदेखि शिक्षकसम्म युवा नवप्रर्वतनदेखि विश्वविद्यालयका अनुसन्धान कर्तासम्मलाई विभिन्न ढंगबाट सहयोग पुऱ्याउँदै आएको छ । विभिन्न संस्थागत प्रतिनिधित्व हुनेगरी १६ वटा उपसमितिहरूमार्फत नास्टका गतिविधिमा सहभागी हुने अवसर पनि प्रदान गरिएको छ ।

नास्टले आफ्नो समुन्नतिमा पनि ध्यान दिँदै विज्ञान प्रविधि क्षेत्रको अनुसन्धानमा जोड दिएको छ । रेडियसनसम्बन्धी अध्ययनलाई सहयोग पुऱ्याउन बन्करसहित अनुसन्धान भवन निर्माण गर्ने कार्यक्रम पनि रहेको छ । यस्तै आफूले दिइरहेको सेवालाई एकीकृत गरी सहज र प्रभावकारी ढंगबाट सर्वसाधारण, संघसंस्थालाई विश्लेषणात्मक सेवा एकै ठाउँबाट दिन विश्लेषणात्मक सेवा केन्द्रको थालनी नास्टले गरेको छ । चार सय मेगाहर्जको एनएमआर, सिएचएनएस एनालाइजर, एलसी-एमएस, जिसि-एमएसजस्ता अत्याधुनिक उपकरणहरूसहित नाष्टस्थित प्रयोगशालालाई अत्याधुनिक एवं समुन्नत पनि बनाइएको छ । प्रत्येक प्रदेशमा एक/एक वटा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना कार्यसमेतलाई अगाडि बढाइ हालसम्म चारवटा केन्द्र स्थापना भइसकेको छ भने अरु दुई तत्कालै खोल्ने प्रक्रियामा रहेका छन् । एक शाखा भने प्रयोगशालामा रूपान्तरण हुने प्रक्रियामा रहेको छ । नास्टले आफ्ना गतिविधि सञ्चालन गर्दा सिर्जनशीलतामा जोड दिएको छ । नास्ट अवस्थित सातदोबाटोदेखि गोदावरीसम्ममा करिब ११ किलोमिटर सडकका वरिपरि रहेका वैज्ञानिक संघसंस्थासँग सहकार्य गरी विज्ञान सहरको अवधारणा विकास गरेको छ । यसबाट विज्ञान र प्रविधिप्रति रुचि सर्वसाधारण र विद्यार्थीमा बढाउन एवं विज्ञान प्रविधिसम्बन्धी जानकारीमूलक भ्रमण गर्ने अवसर प्राप्त हुन्छ । नास्टले आफ्नो हाताभित्र विज्ञान र प्रविधि र नवप्रवर्तन पार्क अर्थात् विज्ञान पार्कको अवधारणा विकास गरी कार्य अगाडि बढाएको छ ।

विज्ञान प्रविधिको विकासमा फड्को मार्न नसकेका कारण आज देशबाट धेरै युवा प्रतिभाहरू विदेश पलायन भएका छन् । राज्यको सर्वांगीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी हुन्छ । नास्टले वैज्ञानिक संघ/संस्थाहरूलगायत वैज्ञानिक र प्राविधिकहरूलाई वैज्ञानिक क्रियाकलापमा सहयोग गर्न कार्यविधिहरू निर्णय गरी क्रमश सहयोगमा वृद्धि गर्दै लगेको छ । विद्यावारिधि (पिएचडी) र स्नातकोत्तरका विद्यार्थीलाई शोधपत्र तयार पार्न आर्थिक सहयोग गर्नुका साथै अनुसन्धानकर्ताहरूलाई अनुसन्धान वृत्ति प्रदान गर्ने गरेको छ । यस्तै विद्यार्थीहरूलाई अनुसन्धान गर्न विज्ञान र प्रविधि संकायमार्फत सञ्चालित प्रयोगशाला उपलब्ध एवं सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइएको छ । युवा पलायनलाई रोक्न, अनुसन्धानमा अभिमुखीकरण गर्न र राष्ट्रको समस्या नजिकबाट नियाल्न सहयोग पनि पुगोस् र युवाहरूलाई रोजगारीको अवसर पनि जुटोस् भनेर रिसर्च असिस्टयान्ट, रिसर्च फलो, एशोसियट रिसर्च फेलोजस्ता अनुसन्धान वृत्ति कार्यक्रमहरू सञ्चालन गरी अनुसन्धानकर्मीलाई अवसर सिर्जना गरिएको छ । चालिस वर्षभन्दा कम उमेरले एसोसियट नास्ट फेलो, विशिष्ट अनुसन्धानकर्मी र विज्ञलाई एमिनेन्ट नास्ट फेलो दिने व्यवस्थाले विज्ञहरूलाई अनुसन्धान र ज्ञान अभिवृद्धि गर्ने अवसर पनि नास्टले प्रदान गर्दै आइरहेको छ ।

विज्ञान तथा प्रविधि प्राथमिकतामा परेको भए पनि लगानीमार्फत सुनिश्चित गर्न सकेका छैनौं । पर्याप्त बजेट नहुँदा नयाँ अनुसन्धान गर्न सकिएको छैन भने गरिएका अनुसन्धानका आधारमा प्रविधिको विकास हुन सकेको छैन । अर्को मुख्य चुनौतीका रूपमा जनशक्तिको पलायन मुख्य बनेको छ । हामीसँग विज्ञान प्रविधिका क्षेत्रमा गहिरो ज्ञान र अनुभव भएका पर्याप्त जनशक्ति भएपनि उनीहरूलाई परिचालन गर्न आर्थिक, प्राविधिक र संस्थागत संरचनाको अभावले सकेका छैनौं । त्यस्तै विज्ञान कूटनीतिलाई पनि प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन ।

विज्ञानविना विकास सम्भव छैन । हाम्रोजस्तो विकाशोन्मुख देशमा विकासका लागि विज्ञान हुनु आवश्यक छ । देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरूपमा सदुपयोग गरी औद्योगिक, सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ । त्यसैले नाष्टले स्थापनाकालदेखि नै प्रविधिलाई सरल तथा सहज रूपमा नेपाली समाजमा स्थापित गर्दै आएको छ । वैज्ञानिक अनुसन्धानबाट प्रतिपादन ज्ञान र परम्परागत एवं उदीयमान प्रविधिका उपलब्धिलाई आधार भूत आवश्यकता परिपूर्तिमा केन्द्रित गर्ने तथा देशमा उपलब्ध प्राकृति स्रोत साधनको वुटिमत्तापूर्वक उपयोगमा जोड दिनुपर्ने देखिन्छ । विज्ञान तथा प्रविधिलाई उत्पादनको साधन तथा विकासको पूर्वाधारको रूपमा अंगीकार गरी यस क्षेत्रमा राज्यको लगानी उल्लेख्य वृद्धि गरी अनुसन्धान तथा प्रविधिमा प्राथमिकता दिनु आवश्यक छ ।

जनताको अपेक्षा नास्टप्रति बढी रहेको छ । स्वच्छ वातावरण, स्वास्थ्य खाद्य, आवास, पूर्वाधार, सूचना-सञ्चार, शिक्षा र सामाजिक सुरक्षालगायतका विषयमा विज्ञान र प्रविधि र नवप्रवर्तनात्मक कार्य गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन आवश्यक छ । उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादम्यता गर्नेतर्फ हाम्रो प्रयासहरू केन्द्रित हुनुपर्ने छ । आगामी १६औं पञ्चवर्षीय योजनामा विज्ञान तथा प्रविधिमा के-कस्ता कार्यक्रमहरू समावेश गरी यस क्षेत्रमा स्थापित हुन सम्भव हुन्छ गहन छलफल र मन्थन गरेर भावी योजना तय गर्ने कार्य भइरहेको छ । देशको आवश्यकता र प्राथमिकतालाई मनन गरी रणनीतिक योजनाहरूको खाका तयार गरिने छ । नेपालको हालको मुख्य समस्या भनेको फोहोरमैला व्यवस्थापन, गुणस्तरीय मलको अभाव, ऊर्जाको विविधीकरण, जडिबुटीको उपयोग र प्रशोधन, वन पैदावरको उचित प्रयोग आदि नै हुन् र त्यसमा पनि हामी चुकेको युवा पलायन रोक्न र सम्बन्धित प्रविधिको प्रयोग गरी सकारात्मक सन्देश प्रवाह गर्न नसक्नु नै हो । देश छाडेर विकास हुँदैन, नकारात्मकतालाई प्रोत्साहन गरेर पनि व्यक्तिगत प्रगति हुँदैन । त्यसैले सिर्जनशील युवा विकासमा केन्द्रित हुन विज्ञान र प्रविधिप्रति आकर्षण थपेर सकारात्मक समाज निर्माण गर्नु आजको आवश्यकता रहेको छ ।

*(नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का सदस्यसचिव डा.ढकालसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

> "जनताको अपेक्षा नास्टप्रति बढी रहेको छ । स्वच्छ वातावरण, स्वास्थ्य खाद्य, आवास, पूर्वाधार, सूचना–सञ्चार, शिक्षा र सामाजिक सुरक्षालगायतका विषयमा विज्ञान र प्रविधि र नवप्रवर्तनात्मक कार्य गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन आवश्यक छ । उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादम्यता गर्नेतर्फ हाम्रो प्रयासहरु केन्द्रित हुनुपर्ने छ । आगामी १६औं पञ्चवर्षीय योजनामा विज्ञान तथा प्रविधिमा के–कस्ता कार्यक्रमहरु समावेश गरी यस क्षेत्रमा स्थापित हुन सम्भव हुन्छ गहन छलफल र मन्थन गरेर भावी योजना तय गर्ने कार्य भइरहेको छ । देशको आवश्यकता र प्राथमिकतालाई मनन गरी रणनीतिक योजनाहरूको खाका तयार गरिने छ ।"



**सडक खुल्ने पर्खाइमा यात्रु** | मुग्लिन–नारायणगढ सडक खण्डअन्तर्गत सडक बिस्तारको क्रममा यातायात बन्द गरी भिर काटेर डाइभर्सन निर्माण गर्दा सडक खुल्ने पर्खाइमा मोटरसाइकलका यात्रु । दिउँसो १२ बजेदेखि ४ बजेसम्म दैनिक बन्द हुँदै आएको छ । *तस्बिरः मिला दरै/रासस*

# गुल्मी अस्पतालमा डायलाइसिस सेवा सुरु

**तम्घास (गुल्मी)–** गुल्मी अस्पतालमा डायलाइसिस सेवा सुरु भएको छ । यही पुस ९ गते र १२ गते एक बिरामीलाई डायलाइसिस सेवा प्रदान गरेसँगै अस्पतालमा अब नियमितरूपमा सेवा सुरु हुने भएको हो ।

जिल्लाको रेसुंगा नगरपालिका–८ का देविराम खनालको अस्पतालले सफल डायलाइसिस गरेको हो । गुल्मीमै डायलाइसिस सेवा सुरु भएसँगै सेवा लिनका लागि पाल्पा, बुटवललगायत स्थानमा जानुपर्ने गुल्मेलीको बाध्यता अन्त्य हुने भएको छ ।

डायलाइसिस सेवाका लागि अस्पतालमा पाँच मेसिन छन् । त्यसमध्ये तीनवटासम्म नियमित सञ्चालन गर्न सकिन्छ भने बाँकी दुईवटा वैकल्पिकरूपमा राख्नुपर्ने हुन्छ । डायलाइसिस सेवाका लागि अस्पतालमा एक विशेषज्ञ डाक्टर र एक नर्सको व्यवस्था गरिएको छ । एक बिरामीले हप्तामा दुईपटक डायलाइसिस गराउनुपर्छ । एकपटकमा झण्डै पाँच घण्टा लाग्छ ।

अस्पतालमा हप्तामा नौ जनालाई डायलाइसिसको सेवा प्रदान गर्न सकिने अस्पतालका जनस्वास्थ्य निरीक्षक बोम अर्यालले जानकारी दिए । डायलाइसिस गर्ने जनशक्ति थप गर्नसकेमा सोही सामग्रीबाट दुई वा तीन सिफ्टमा सेवा दिन सकिने र त्यसबाट अधिकतम बिरामी लाभान्वित हुने अर्यालको भनाइ छ ।

नेपाल सरकारले एकपटक डायलाइसिस गराएको दुई हजार ५०० रूपैयाँ दिने गरेको छ । गुल्मी अस्पतालले स्वास्थ्य सेवा विभागबाट डायलाइसिस सेवाको अनुमति नपाएकाले उक्त सुविधा पाएको छैन । खनालको सफल उपचार गरेसँगै अस्पतालका डायलाइसिस गर्ने सामग्रीलगायत सबै प्राविधिक पक्ष ठीक भएको प्रमाणित भएकाले अब आधिकारिकरूपमै विभागबाट पत्र आउने अर्यालको भनाइ छ ।

सो अस्पतालमा डायलाइसिस गराएका खनालले गत वर्षको माघ १७ गतेदेखि काठमाडौंमा डायलाइसिस गराउन सुरु गरेका हुन् । तीन महिना अगाडिबाट पाल्पाबाट सेवा लिएका खनाल अब जिल्लाकै अस्पतालबाट सेवा लिने पहिलो बिरामी बनेका छन् । पहिलो बिरामी भएकाले खनालको उपचार गुल्मी अस्पतालले निःशुल्करूपमा गरेको छ । *रासस*

# सबै समुदायबीच भाइचारा बढाउँदै उधौली साकेला

**टक्सार, भोजपुर (प्रस)–** किरात समुदायको दोस्रो ठूलो चाड 'साकेला उधौली' पर्वअन्तर्गत भोजपुर सदरमुकामको स्थानीय टुँडिखेलमा शनिबार साकेला सिलीसहित शुभकामना आदानप्रदान गरिएको छ । गत मंगलबारदेखि सुरु भएको यस चाडमा किरात समुदायले मंसिरे पूर्णिमादेखि १५ दिनसम्म उधौली र वैशाखे पूर्णिमादेखि एक महिनासम्म साकेला उभौली मनाउने प्रचलन छ ।

पन्ध्र दिनसम्म मनाइने उधौली साकेलाको अवसरमा भोजपुरमा पनि किरात समुदाय भेला भएर किराती पुर्खा/धामीले प्रकृतिको पूजा आराधना गरी उधौली चाडको सुरुआत गर्ने गरिन्छ । केटाकेटीदेखि बुढाबुढीसम्म गाउँदै नाच्दै गर्ने परम्पराले उधौली साकेलाको रौनक बढ्दै गएको छ । किरात राई समुदाय मात्र नभई यतिबेला गैरकिरात पनि साकेलाको तालमा नाच्ने, रमाउने गरेको किरात राई यायोक्खा भोजपुरका कार्यवाहक अध्यक्ष विदुर राईले बताए ।

'पछिल्लो समय उधौली साकेला नाच सबै समुदायको पर्वका रूपमा स्थापित हुँदै गएको छ, यसमा किरात राईहरू मात्र नभई गैरकिरात समुदायले पनि मनोरञ्जनात्मक नाचको रूपमा लिने गरेका छन्', कार्यवाहक अध्यक्ष राईले भने । पछिल्लो पुस्तामा आएर सबै गैरकिरातका लागि भातृत्व झल्काउने उत्सवका रूपमा पनि साकेलालाई लिने गरिएको छ । यसरी अरू समुदायका मानिसले पनि साकेला नाच्दा, रमाउँदा एक अर्काबीच धार्मिक सहिष्णुता र सद्भाव बढ्दै गएको उनको भनाइ छ ।

वर्षको दुईपटक मनाइने साकेला उधौलीमा अन्नबालीको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन छ । कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङको चामललगायतका सामग्री प्रयोग गरेर प्रकृतिको पूजा गर्ने प्रचलन छ । उधौली र उभौलीमा किरात राईहरूको प्रत्येक घरमा तीन चुल्हा पुज्नुका साथै साकेला थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा सिली टिप्दै गोलो घेरा हालेर साकेला नाच्ने गरिन्छ ।

छिटको गुन्यु, मखमलको चोली, पहेँलो पटुकी, दौरासुरुवाल, ढाका टोपीलगायत किराती मौलिक भेषभूषामा सजिएर हरेक किरात राईहरूको घरघरमा नाच्दै गाउँदै हर्षोल्लासका साथ मनाइने यो चाडमा किरात समुदायमात्र नभई गैरकिरात समुदायका युवायुवती सहभागी भएर साकेला सिली नाच्ने प्रचलन रहँदै आएको जानकारको भनाइ छ ।

उधौली पर्व किरातको संस्कृतिलाई पुस्तान्तरण गर्ने बलियो आधार भएको संस्कृतिविद् कमलजंग राईको धारणा छ । उनका अनुसार हिउँदको धान्यपूर्णिमाका दिनबाट सुरु हुने उधौली पर्व पुर्खा र जंगली पशुपक्षी लेकदेखि बेंसीतिर झर्ने समय भएको संकेत गर्ने तथा अन्नबाली भित्र्याएको खुसियालीमा मनाउने गरिन्छ ।

ढुंगेयुगमा किराती पुर्खाले पृथ्वीमा कृषि युग सुरु गरेको भन्ने आस्थाका साथ यो पर्व चलनचल्तीमा आएको किरात अगुवाको कथन छ । बालीनाली भित्र्याउने समय, प्राकृतिक प्रकोपबाट जोगिन, इष्टदेवता सुम्निमा र पारुहाङले सम्पूर्ण सृष्टिजगतको रक्षा गरून् भन्ने कामना गर्दै उधौली मान्ने गरिएको धार्मिक विश्वास छ ।

# भूकम्पपीडितलाई दुई प्रतिशत ब्याजमा ऋण दिन माग

**जाजरकोट (प्रस)–** नलगाड नगरपालिकाले गत कात्तिक १७ गते गएको भूकम्पबाट जनधनको क्षति बेहोरेका पीडितलाई दुई प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउन आग्रह गरेको छ ।

नगरपालिकाले कार्यपालिकाको बैठकबाट निर्णय गरेर भूकम्पपीडितलाई दुई प्रतिशत ब्याजमा ५० लाख रूपैयाँसम्म ऋण दिन आग्रह गरिएको नगरप्रमुख डम्बर रावतले बताए । उनले भने, 'वि.सं. २०७२ को भूकम्पबाट प्रभावित नागरिकलाई नेपाल सरकारले जसरी दुई प्रतिशत ब्याजदरमा ऋण दिएको थियो, त्यसरी नै नलगाड नगरपालिकाका भूकम्पबाट प्रभावित नागरिकहरूलाई पनि दुई प्रतिशत ब्याजदरमा ५० लाख रूपैयाँसम्म ऋण दिनका लागि अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक लाई पत्र पठाइएको छ ।'

यहाँका अधिकांश सर्वसाधारणका घर, पशुचौपाया तथा घरमा रहेका अन्य सामग्रीसमेत नष्ट भएकाले समस्या भोगिरहेको भन्दै अर्थ र राष्ट बैंकसँग यस्तो माग गरिएको उनले बताए । नलगाडमा मात्र भूकम्प प्रभावितको संख्या आठ हजार ९७ घर परिवार रहेको छ । भारत गएर कमाइ ल्याएको रकमबाट बर्सेनि दैनिक परिवार पाल्ने यहाँका बासिन्दाको भूकम्पबाट सबै गुमाउँदा परेको समस्या समाधान गर्न नगरपालिकाले दुई प्रतिशतमा ऋण मागेको हो ।

# ठेकेदारको लापरबाहीले स्वास्थ्यचौकी भवन अलपत्र



**खोटाङ–** ऐसेलुखर्क गाउँपालिका–१ राखाबाङ्देलस्थित स्वास्थ्यचौकी भवन ठेकेदारको लापरबाहीले अलपत्र परेको छ । दुई वर्षअघि नै बनिसक्नुपर्ने उक्त भवन ठेकेदार कम्पनी गौरी पार्वती न्यु टेक्निकलको चरम ढिलासुस्ती तथा लापरबाहीका कारण अलपत्र परेको हो ।

भुइँतलाको पर्खालमा प्लास्टर गरिसकिएको भवनको माथिल्लो तलामा भने पर्खाल नै निर्माण भएको छैन । गौरी पार्वती न्यु टेक्निकल जेभीले २०७८ फागुन–२७ गतेसम्ममा सम्पन्न गर्नेगरी २०७७ मंसिर–११ गते स्वास्थ्यचौकी भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो ।

पटक–पटक थप भएको म्याद गुज्रिँदा पनि निर्माण कम्पनीले स्वास्थ्यचौकीको भवनको बाँकी काम गरेको छैन । उक्त कम्पनीले काम पूरा नगरेकामा आक्रोशित सहरी विकास तथा भवन निर्माण आयोजनाको कार्यालय ओखलढुंगाका प्रमुख प्रभाकर कर्णले कम्पनीलाई कारबाही गर्नुको विकल्प नरहेको बताए ।

अब पनि काम भएन भने कारबाही गर्छौं भनेर अन्तिमपटक ताकेतापत्र पठाइएको प्रमुख कर्णले जानकारी दिए । गौरी पार्वती न्यु टेक्निकल जेभीले भ्याटबाहेक सात करोड ४० लाख ८४ हजार रूपैयाँमा पाँच स्वास्थ्यचौकी भवन निर्माणको ठेक्का पाएको हो । *रासस*

### लेक साइडमा सडक महोत्सव

# परम्परागत सामग्रीप्रति अवलोकनकर्ता आकर्षित




**पोखरा–** यतिबेला अंग्रेजी नयाँ वर्षको स्वागतार्थ पोखराको लेक साइडमा रेस्टुरा एण्ड बार एसोसियसन (रेवान) पोखराको आयोजनामा २५औं संस्करणको सडक महोत्सव चलिरहेको छ । 'सडक मै खाउँ, सडकमै नाचौं र सडमै रमाउँ' भन्ने नाराका साथ चलिरहेको महोत्सवमा रैथाने सामग्रीको प्रदर्शनमा नयाँ पुस्ता र पर्यटक आकर्षित भएका छन् ।

रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले पोखराको पर्यटन प्रवर्द्धनको रूपमा ब्राण्ड बन्दै गएको सडक महोत्सवमा मौलिक परम्परागत संस्कृतिलाई आन्तरिक तथा बाहय पर्यटकले रुचिपूर्वक अवलोकन गरेको बताए । 'पाँच दिनमा पाँच लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ महोत्सवलाई सफल बनाउन हामीले सबै उमेर समूह, सबै जातजाति, समुदाय र विदेशी पाहुना लक्षित परम्परागत सांस्कृतिक भेषभूषा, सामग्री प्रदर्शन गरिरहेका छौं, जुन दर्शकले निकै मनपराइरहनुभएको छ,' भट्टराईले भने, 'पोखरा पर्यटकीय सहर हो, यहाँ विश्वभरिका पर्यटक आउँछन् । अंग्रेजी नयाँ वर्षको गन्तव्यस्थल निरन्तरता दिँदै आएको महोत्सवमा यहाँको रहन सहन संस्कृतिलाई प्रचार प्रसार गरिरहेका छौं ।'

महोत्सव संयोजक एवं रेवानका प्रथम उपाध्यक्ष विश्वराज पौडेलले २५ औं संस्करणमा आइपुग्दा थप आकर्षएक गराउन विभिन्न गतिविधिहरू महोत्सवमा समेटेको बताए । उनले भने, 'हामीले महोत्सवमा लोपोन्मुख हुँदै गएका संस्कृति, पुरानो जीवनशैलीलाई झल्किने कुरालाई महोत्सवमा समावेश गराएका छौं ।'

उनले महोत्सवमा विभिन्न जातजातिको संस्कृति झल्कने नृत्य, झाँकी प्रदर्शन, परम्परागत ढिकी जाँतो, विवाह मण्डप, गुन्द्री बुन्ने, मोही मथ्ने, विभिन्न जातजातिले प्रयोग गर्दै आएका सामग्रीलगायतको प्रदर्शनले नेपाली संस्कृति र परम्परा बुझ्न चाहनेका लागि अध्ययन थलोसमेत बनाएको बताए । उनका अनुसार महोत्सवमा चितवनका थारूको स्टिकनाच, सिन्धुलीका महिलाको पञ्चेबाजा, रुकुमको मयुर नाच, लिम्बूको धाननाच, नेवार जातिको लाखे नाच, गुरुङ समुदायको छेडु नाच, मगर जातिको कौरा नाच हेर्न पाइने छ ।

सन् १९९८ बाट पोखरामा सडक महोत्सव सुरु भएको थियो । पोखरामा यसलाई भित्र्याउने पर्यटनका पायोनियरको रूपमा चिनिएका पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले भारतको गोवाबाट फर्कँदा ल्याएको अवधारणा थियो । उनले सो समय अंग्रेजी नयाँ वर्षमा विदेशी पर्यटकको घुइँचो देखेपछि लेक साइडमा पनि सडक महोत्सवको परिकल्पना गरेर सुरु गरिएको उनको भनाइ छ । उनले अहिले पोखरामा थुप्रै संघसंस्थाले मेला महोत्सव गर्दै आइरहे पनि रेवानले गर्ने सडक महोत्सव पृथक ब्राण्डको रूपमा स्थापित हुँदै गएको छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको पर्यटन प्रवर्द्धनमा सडक महोत्सव कोशेढुंगाको रूपमा स्थापित हुँदै गएको बताए । उनले पोखराको पर्यटनमा पर्यटन व्यवसायी संघसंस्था निकै ठूलो भूमिका खेलेको तर पर्यटन प्रवर्द्धनको जिम्मेवारी पाएको नेपाल पर्यटन बोर्डको भूमिका प्रभावकारी हुन नसकेको गुनासो गरे ।

यही पुस १२ गतेदेखि १६ गतेसम्म लेक साइडको तीन किलोमिटरको क्षेत्रमा चलिरहेको महोत्सवमा राष्ट्रिय तथा अन्तरािष्ट्रिय खानाका परिकार, विभिन्न मनोरञ्जनात्मक कार्यक्रम, पर्यटन, खेलकुद, हस्तकला प्रदर्शनी, बालउद्यान, पर्यटन प्रवर्द्धन संवाद कार्यक्रम, साहसिक पर्यटक खेलकुद वृत्तचित्र प्रदर्शनी, लोकदोहोरी, लाइभ कन्सर्टलगायत कार्यक्रम रहेको महासचिव विकास भट्टराईले जानकारी दिए । *रासस*

## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/०९/१५**

**श्री कोटहीदेवी युवाप्रगति सामुदायिक वन उपभोक्ता समूह**को आ.व. २०७९/८० को C1S६ मा गरिएको पुनरुत्पादन कटान कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको खोरियास्थित घाटगद्दीमा रहेको लट नं. ५ र १० बनाई राखिएको अन्य जात (कर्मा, खयर, झिंगट, कोरिकाठ, हर्रो, बर्रो, अस्ना, कुसुम, पानन आदि) को काठ थान २१८ को परिमाण १७९६.७६ क्यू फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना मितिले १५ (पन्ध्र) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री कोटहीदेवी युवाप्रगति सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-२, खोरिया बाँके**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Arbaeen Arbaeen Trading And Cleaning**

पुर्व स्वीकृति मिति २०८०/०९/१३ | LT. No. 297175 | चलानी नं. ६०२१२२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ADMIN MANAGER | 1 | 0 | 5600 | २,४७,२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 1 | 4 | 1000 | ३६,५५७ | | | | | | | |
| 3 | LABOUR | 20 | 5 | 1000 | ३६,५५७ | | | | | | | |
| 4 | LABOUR SERVICES | 0 | 1 | 1000 | ३६,५५७ | | | | | | | |
| 5 | Representative | 3 | 0 | 2200 | ८०,४२७ | | | | | | | |
| 6 | Sales Manager | 1 | 0 | 5600 | २,४७,२४ | | | | | | | |
| 7 | Tailor | 0 | 1 | 1500 | ५४,८३६ | | | | | | | |
| 8 | tile maker | 1 | 0 | 1200 | ४३,८६९ | | | | | | | |
| 9 | waiter | 1 | 3 | 1400 | ५१,१८१ | | | | | | | |
| 10 | Washing Worker | 0 | 1 | 1200 | ४३,८६९ | | | | | | | |
| 11 | womens tailor | 0 | 2 | 1500 | ५४,८३६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २२ गते (7th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

प्रभाव दैनिक

## रूपशाला

### काठमाडौँमा प्रदीप रावत

चर्चित भारतीय अभिनेता प्रदीप रावत शुक्रबार काठमाडौँ आइपुगेका छन् । अभिनेता रावत नेपाली फिल्ममा अभिनय गर्न काठमाडौँ आइपुगेका हुन् । रावतले अभिनेत्री नीता ढुंगानाले निर्माण गरिरहेको फिल्म 'ह्रस्वदीर्घ'मा अभिनय गर्नेछन् । सो फिल्म अहिले चितवनमा छायांकन भइरहेको छ । रावतले फिल्ममा नीताको बुवाको भूमिकामा अभिनय गर्ने जनाइएको छ । रावतले तमिल र तेलुगू फिल्ममा समेत अभिनय गरेका छन् । 'महाभारत' सिरियलमा अस्वस्थामाको भूमिका निर्वाह गरेका उनले गजिनी लगायतमा भिलेनको भूमिकामा अभिनय गरेका छन् ।





# रोनिश र आयुष्मालाई मोडल हन्ट नेपालको ताज




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मोडल हन्ट नेपाल २०२३' को उपाधि रोनिश खड्गी र आयुष्मा पौडेलले जितेका छन् । काठमाडौँमा खड्गीले १५ प्रतियोगीलाई पछि पार्दै मेल तथा पर्वतकी पौडेलले २१ प्रतियोगीलाई पछि पार्दै फिमेल तर्फको उपाधि  चुमेका हुन् ।

शुक्रबार साँझ होटल सोल्टिमा आयोजित एकभव्य समारोहकाबीच सम्पन्न प्रतियोगितामा मेलतर्फ लक्की राणापहेली फष्ट रनरअप र शौनाक मल्ल सेकेन्ड रनरअफ बन्दा फिमेलतर्फ रिया मेहता फष्ट रनरअफ र मोनिका बुढाथोकी सेकेन्ड रनरअफ घोषित भए ।

नेपाली मोडलिङ प्रतियोगितामा बृहत् र स्तरिय मानिएको प्रतियोगितामा मोस्ट पपुलर छिरिङ फुंस्टोक गुरुङ र मोनिका बुढाथोकी, फोटो जेनिक रिया मेहता र सोहज खान, कमर्सियल मोडल लक्की राणापहेली र क्रिस्टिना ढुंगाना, पब्लिक च्वाइस  रोनिश खड्गी र सहारा केसी, बेष्टवाक आवाज कार्की र सुजल बम,  मोस्ट स्टाइलिस लिसा बर्नवाल, आंसुतोष थापा, बेष्ट पर्सनालिटी सुनिल अधिकारी र अनिसा मैनाली, फिटनेश मोडल रोनिश खड्गी, बेष्ट फिगर मेधना श्रेष्ठ भए । प्रतियोगीतामा स्पेशन रिकगननेसन अवार्ड सुजल बम र सोनिया तामाङ (भिन्न क्षमताको सहभागी)ले प्राप्त गरे ।

प्रतियोगीताको यो आँठौ संस्करण हो । प्रशान्त ताम्राकार (अभिनेता, कोरियोग्राफर), राजभाई सुवाल (फोटोग्राफर) नम्रता श्रेष्ठ (मिस नेपाल २०२०),  सोफिया भुजेल (मिस युनिभर्स २०२२), समर्पण कार्की (मिष्टर नेपाल २०२३) र मदन रौनियार (प्रवन्ध निर्देशक जोय पपाय) यो संस्करणको निर्णायकमा रहेका थिए । दक्षय तथा अनुभवी बिभिन्न प्रशिक्षकबाट व्यक्तित्व विकास, शारीरिक बनावट, र्‍याम्प वाक, बडी ल्याङ्ग्वेज, फोटोसुट, एक्सप्रेसन, ग्रुमिङ क्लास लगायत प्रशिक्षण सहित प्रतियोगीता फाइनल प्रस्तिस्पर्धामा उत्रिएका थिए ।

स्वदेश तथा विदेशका बिभिन्न प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यवसायिक मोडल उत्पादन गर्ने उदेश्यले विगत ८ वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगिताका विजेता मध्य मेल रोनिशले पार्टो रिको देशमा आयोजना हुने अन्तराष्ट्रिय मोडलिङ प्रतियोगीता 'रनवे मोडल इन्टरनेशनल'मा नेपालको प्रतिनिधित्व गर्ने र फिमेल आयुष्माले थाइल्याण्डमा आयोजना हुने मोडलिङ प्रतियोगिता 'सुपर मोडल इन्टरनेसनलमा' नेपालको प्रतिनिधित्व गर्नेछन् । दुबै विजेताले विज्ञापन, म्युजिक भिडियो अभिनय अवसरका अलवा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फेसन शोमा पनि सहभागीको अवसर प्राप्त गरेको आयोजक नेक्स्ट मोडल्सकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

फेसनमय वातावरणमा बिभिन्न सांगीतिक तामझाम सहित आयोजित प्रतियोगीताको क्रेज युवायुवतीमा बढ्दो रहेकोले आगामी बर्षमा पनि यो प्रतियोगीताले निरन्तरता पाउने आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए ।

# निश्चलले गरे 'दिमाग खराब'को दोस्रो शृंखलाको घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक निश्चल बस्नेतले पछिल्लो फिल्म 'दिमाग खराब'को दोस्रो श्रृंखला ल्याउने घोषणा गरेका छन् । प्रदर्शनको ५१ औं दिन मनाउन शनिबार आयोजित समारोहमा उनले २०८३ सालको दशैंमा सिक्वेल ल्याउने बताए ।

यसबारे उनले भने, 'ढुक्क हुनूस सिक्वेल आउँछ । २०८३ सालको दशैंमा आउँछ । हामीलाई लागेको र राष्ट्रको हितमा हुने विषय त्यसमा हुनेछ । अहिले भनिहाल्ने अवस्था छैन । तर, त्यो समयलाई टार्गेट गरेर आउँछ ।'

'दिमाग खराब'ले न्यूरोडको रञ्जना सिनेप्लेक्समा प्रदर्शनको ५१ दिन मनाएको थियो । फिल्मले अहिलेसम्म १० करोड हाराहारीमा कमाइ गरेको निश्चलको भनाइ छ । कलाकार, निर्माता र वितरकले केक काटेर 'दिमाग खराब'को सफलता सेलिब्रेट गरे ।

अभिनेता खगेन्द्र लामिछानेले 'दिमाग खराब' ५१ दिन मनाउने आफू अभिनित पहिलो फिल्म भएको बताए । 'यो पहिलो फिल्म नै हो । यसअघि ४९ दिनसम्म मनाएको याद छ । एकदमै खुशि छु' उनले भने । फिल्ममा लामिछानेको शीर्ष भूमिका छ ।

अभिनेत्री स्वस्तिमा खड्काले दर्शकीय प्रतिक्रियाले आफू उत्साहित रहेको बताइन् । 'पहिलो साता हामीलाई निकै कठिन भएको थियो । स्लिपलेस नाइट रहे । निर्माता निर्देशक पनि आफ्नै घरको भएकाले ५१ दिनसम्म आइपुग्दा निकै उतारचढाव भोग्नुपर्‍यो' उनले भनिन् ।

अभिनेता दयाहाङ राईले फिल्मले सयदिन मनाउने आशा व्यक्त गरे । 'मैले अभिनय गरेको वर्षको पहिलो फिल्म जारीले १०० दिन मनाएको थियो । यसले पनि सयदिन पक्कै मनाउँछ । मुख्यतः हाम्रो कारणले गरेको कामको परिणाम सुखद आउनु ठूलो कुरा हो' उनले भने ।

उक्त अवसरमा निर्माताले कलाकार र क्रिउलाई सम्मानपत्र वितरण गरेका थिए । तिहार छेकोमा यो फिल्म कात्तिक २४ गते देशब्यापी प्रदर्शन भएको थियो । नेपालसहित केही मुलुकमा समेत फिल्म चलिरहेको छ । ।

नश्चल र अभिनेत्री स्वस्तिमा खड्का अष्ट्रेलिया प्रदर्शनको दौडाहा सकेर काठमाडौं फर्किसकेका छन् । फिल्मलाई अब भारतमा प्रदर्शन गर्न बाँकी रहेको जानकारी बस्नेतले दिए । फिल्मले व्यवस्थाविरुद्ध असन्तुष्ट आममान्छेको संघर्ष र शक्तिसम्मको यात्राको कथा पेश गर्छ ।

## रंगशाला

एनएसएल फुटबल

# धनगढीलाई हराउँदै ललितपुर बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** १० खेलाडीमा सीमित धनगढी एफसीलाई हराउँदै ललितपुर सिटी एफसीले नेपाल सुपर लिगको उपाधिमाथि कब्जा जमाउन सफल भएको छ । शनिबार दशरथ रंगशालामा भएको खेलमा ललितपुर ३-२ गोलले विजयी बनेको हो ।

खेलमा अग्रता भने धनगढीले लिएको थियो । खेलको ३८ औं मिनेटमा ओलावाले अफिजले धनगढीलाई अग्रता दिलाएका थिए । तर, पहिलो हाफको इन्जुरी समयमा इमोह इजेकेइलले ललितपुरका लागि बराबरी गोल फर्काए ।

दोस्रो हाफमा आक्रामक खेलको प्रदर्शन गरेको ललितपुरले ५० औं मिनेटमा दिनेश हेनजानको गोलको मद्दतले अग्रता लियो । आठ मिनेटपछि इजेकेइलले व्यक्तिगत दोस्रो गोल गर्दै ललितपुरको अग्रता फराकिलो बनाए ।

खेलको ८० औं मिनेटमा रिचार्ड आग्येमाङले दोस्रो पहेँलो कार्ड खाएपछि धनगढी १० खेलाडीमा सीमित बन्यो । यसका बावजुद खेलको इन्जुरी समयमा धनगढीका अहमद हिजाजीले एक गोल फर्काएका थिए । तर बराबरी गोल फर्काउन निकै ढिला भइसकेको थियो ।

त्यसपछि कुनै गोल हुन सकेन र खेल ललितपुरले खेल आफ्नो पक्षमा पार्न सफल भयो । उपाधिसँगै ललितपुरले ७० लाख रूपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । पहिलो संस्करणको विजेताले ३५ लाख रूपैयाँ पाएको थियो भने यस सिजन भने उपाधिको रकम दोब्बर बनाइएको छ । पहिलो संस्करण काठमाडौँले जितेको थियो ।

# पिएम कप महिला क्रिकेटमा एपिएफ अपराजित हुँदै क्वालिफायरमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगिताको लिगचरणमा अपराजित हुँदै एपिएफ क्वालिफायर्समा पुगेको छ । लिगको अन्तिम खेलमा बागमतीलाई ४७ रनले पराजित गर्दै एपिएफ सीधै क्वालिफार्यसमा पुगेको हो । मूलपानी क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको एपिएफले निर्धरित २० ओभरमा तीन विकेट गुमाएर १२६ रन बनाएको थियो ।

१२७ रनको लक्ष्य पछ्याएको बागमतीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ७९ रनमा सीमित भएपछि एपिएफ ४७ रनले विजयी भएको हो । बागमतीका लागि सोनी पाख्रिनले सर्वाधिक २० रन बनाइन् । यशु पाण्डेले १८ बलमा ३ चौकासहित १७ रन बनाइन । खुसी डंगोल र संस्कृति फूयाँल क्रमशः १० र २ रनमा अविजित रहे । एपिएफका लागि सुमन विष्टले सर्वाधिक २ विकेट लिइन् । सोनु खडेका, करुणा भण्डारी, नेरी थापा र सीता राना मगरले समान एक/एक विकेट लिइन् । त्यसअघि ब्याटिङ गरेको एपिएफका लागि सीता राना मगर सर्वाधिक ४४ रन बनाइन् । उनले ५० बलमा ४ चौका प्रहार गरिन् । ज्योती पाण्डेले १३, इन्दु बर्माले २८ रन बनाइन् । रोमा थापा १९ रन र ममता चौधरी १२ रनमा अविजित रहे ।

बागमतीका लागि संस्कृति फूयाँल, मनिषा उपाध्याय र सविका यादवले एक/एक विकेट लिइन् । एपिएफसँग परीजत भए पनि बागमती पनि प्लेअफ पुगिसकेको छ । एपिएफले ७ मा ७ जितसहित १४ अंकको साथमा शीर्ष स्थानमा छ भने बागमती ७ मध्ये ४ मा जित र तीनमा हार बेहोरेको छ ।

# स्टार सिटीलाई फारवेस्ट पशुपति कपको उपाधि

■ प्रभाव संवाददाता

**कैलाली–** एनआरएनए छैटौं फारवेष्ट पशुपति कप २०८० को उपाधि साविक विजेता स्टार सिटी युवा क्लब धनगढीले जितेको छ । शनिबार धनगढी रंगशालामा भएको फाईनल खेलमा ईलाईट युवा क्लब कैलारी गाउँपालिका वडा नम्बर ६ वनकट्टालाई ३-२ ले हराउँदै लगातार दोस्रो पटक स्टार सिटी च्याम्पीयन भएको हो ।

पहिलो हाफको ९ मिनेटमा पेनाल्टी मार्फत गोल गर्दै स्टार सिटीले अग्रता बनायो । पहिलो हाफकै २६ मिनेटमा ईलाईटले खेल बराबरीमा ल्यायो । एक एक बरीबरमा रहेको अवस्थामा पहिलो हाफकै ३९ औं मिनेटमा ईलाईटका विनोद केसीले गोल गर्दै आफ्नो टीमलाई अग्रता दिलाए । तर त्यो अग्रता ३ मिनेटभन्दा बढी समय टिक्न सकेन् । पहिलो हाफको ४१ औं मिनेटमा स्टार सिटीका लागि प्रदीप लामाले गोल गर्दै खेलाडीलाई २-२ को बराबरीमा पुर्‍याए ।

पहिलो हाफमा बराबरी भएको अवस्थामा दोस्रो हाफको २२ औं मिनेटमा गोल गर्दै प्रदीप लामाले व्यक्तीगत दोस्रो गोल गर्दै स्टार सिटीलाई अग्रता दिलाए । त्यसपछि कुनै पनि टीमबाट गोल हुन नसकेपछि स्टार सिटी दोस्रो पटक च्याम्पीयन बनेको हो । स्टार सिटीलाई च्याम्पीयन बनाउन फाईनलमा दुई गोल गरेका प्रदीप लामा म्यान अफ द म्याच भए ।

उनले नगद ५ हजार प्राप्त गरेका छन् । च्याम्पीयन भएसँगै स्टार सिटीले नगद ५ लाख प्राप्त गरेको छ । पहिलो सहभागीता जनाएर उपविजेता बनेको ईलाईटले नगद २ लाख पायो । प्रतियोगिताका अधिकांश विधामा स्टार सिटीले कब्जा जमाएको छ । स्टार सिटीका प्रदीप लामा प्रतियोगिताको सर्वोकृष्ट खेलाडी बने । उनले नगद २५ हजार प्राप्त गरे ।

स्टार सिटीका अमानत सेख उत्कृष्ट गोलरक्षक, कुवेर सिंह सर्वाधिक गोलकर्ता भए । उनीहरूले जनही नगद १५ हजार प्राप्त गरे । स्टार सिटीकै निलेश बिष्ट उत्कृष्ट प्रशिक्षक भए । उनले नगद १० हजार पाए । ईलाईका चेतन थारु उत्कृष्ट रक्षक बने । उनले पनि नगद १५ हजार प्राप्त गरे । आयोजक फारवेष्ट पशुपति युवा क्लबका सुशिल विश्वकर्मा उदयमान खेलाडी बने । उनले नगद १५ हजार प्राप्त गरे । विजयी खेलाडीहरूलाई एक समारोहबा बीच पुरस्कार वितरण गरिएको थियो ।



पूर्वी चीनको शानडोङ प्रान्तको लिन्यीस्थित तान्चेङ काउन्टीमा रहेको गुआन्टाङ किण्डरगार्डेनमा 'हेलो, २०२४' लेखिएको कार्डसहित अंग्रेजी नयाँ वर्षलाई स्वागत गर्दै स्कुलका बालबालिकासँग शिक्षकहरू । *तस्बिरः सिन्ह्वा*

# सुडानको स्वास्थ्य संकटबारे डब्ल्युएचओको चेतावनी

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले सुडानमा गहिरिँदो स्वास्थ्य र मानवीय संकटसँग जुध्नका लागि तत्काल कदम चाल्न आह्वान गर्दै अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक सहयोग बढाउन आग्रह गरेको छ ।

विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले युद्धबाट प्रभावित सुडानी क्षेत्रका अधिकांश स्वास्थ्य संस्थाले युद्धका कारण काम गर्न नसकेको शुक्रबार बताएका छन् ।

गत अप्रिल १५ देखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहानले आफ्ना पूर्वसहयोगी रहेका अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेजका कमाण्डर मोहम्मद हमदान डग्लोसँग सशस्त्ररूपमा लडिरहेका छन् ।

सुडानको राजधानी खार्तूमको दक्षिणमा रहेको अल–जजिरा राज्यमा भएको द्वन्द्वपछि पाँच लाखभन्दा बढी मानिसले शरण लिएका थिए । यसै महिना अर्धसैनिक बलले राज्यको गहिराइमा पुगेर देशको बाँकी रहेका केही भागमध्ये एकलाई ध्वस्त



पारिदिएपछि तीन लाखभन्दा बढी मानिस फेरि भाग्न बाध्य भएको संयुक्त राष्ट्रसंघले जनाएको छ । टेड्रोसले ट्वीटरमा भनेका छन्, 'सुडानमा बढ्दो मानवीय र स्वास्थ्य संकटबीच बढ्दो द्वन्द्वलाई उल्टयाउन तत्काल कदम चाल्न आवश्यक छ । द्वन्द्वका कारण मुख्यतया महिला र बालबालिकासहित लाखौं मानिस प्रभावित भउका छन् ।

सशस्त्र द्वन्द्व स्थान र घटना डाटा परियोजनाको एक अनुमानअनुसार अप्रिलमा द्वन्द्व सुरु भएयता हिंसामा १२ हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।

टेड्रोसले भने, 'रोगको फैलावट नियन्त्रण र कुपोषणको खतरालाई सम्बोधन गर्नेलगायत तीव्र स्वास्थ्य आवश्यकताहरूको साझेदारसँग प्रतिक्रिया दिँदै डब्ल्युएचओले प्रभावित जनसंख्याको अत्यावश्यक स्वास्थ्य आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय समुदायबाट थप आर्थिक सहयोगका लागि पनि आह्वान गर्दछ ।'

उनले भने, 'यसमा प्रभावित राज्यहरूमा सबैभन्दा कमजोर व्यक्तिहरूका लागि आधारभूत स्वास्थ्य सेवाहरूको प्रावधानलाई बढावा दिनु रहेको छ । सुडानमा कम्तीमा ७० प्रतिशत स्वास्थ्य संस्थाहरूले द्वन्द्वका कारण काम गरिरहेका छैनन् ।'

संयुक्त राष्ट्रसंघका अनुसार कम्तीमा ७१ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये १५ लाख सीमा पार गरेर छिमेकी मुलुकतर्फ भागेका छन् । इथियोपियाका पूर्वस्वास्थ्यमन्त्री टेड्रोसले सन् २०१७ देखि संयुक्त राष्ट्रसंघको स्वास्थ्य निकायको नेतृत्व गर्दै आएका छन् । *रासस/एएफपी*

# बंगलादेशमा पेसागत दुर्घटनामा मृत्यु हुनेको संख्या उच्च

**ढाका–** बंगलादेशमा सन् २०२३ मा विभिन्न पेसागत दुर्घटनाका कारण कूल १० हजार दुई कामदारको मृत्यु भएको स्थानीय विकास मामिला हेर्ने एक संस्थाले जनाएको छ ।

बंगलादेश व्यावसायिक सुरक्षा, स्वास्थ्य र वातावरण प्रतिष्ठानले शुक्रबार ढाकामा पत्रकार सम्मेलन गरी तथ्यांक सार्वजनिक गरेको हो । मृतकमध्ये सबैभन्दा बढी यातायात क्षेत्रका ६३७ जना कामदारको ज्यान गएको छ । निर्माण क्षेत्रका १४९, कृषि क्षेत्रका १४६ र उत्पादन क्षेत्रका ९४ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ ।

यसैगरी, सन् २०२३ मा कार्यस्थलका घटनामा ५०२ जना गम्भीर घाइते भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । तथ्यांकअनुसार सन् २०२३ मा संस्थागत क्षेत्रमा ३२९ जनाको मृत्यु तथा २७७ जना घाइते भएका छन् । यसैगरी अनौपचारिक क्षेत्रमा एक हजार १०३ जनाको मृत्यु तथा २२५ जना घाइते भएका छन् ।

कार्यस्थलमा हुने मृत्युमा सडक दुर्घटना, विद्युत् चुहावट, आगलागी, भवन भत्किने, चटचाङ, ग्यास सिलिण्डर विष्फोट, हिंसा, कामदारमाथि हुने शारीरिक दुर्व्यवहारलगायत विभिन्न कारण पहिचान गरेको जनाएको छ ।

तथ्यांकले २०१३ देखि चालु वर्षको डिसेम्बर २८ सम्म कम्तीमा नौ हजार २६३ व्यक्तिले कार्यस्थलसँग सम्बन्धित दुर्घटनामा ज्यान गुमाएको जनाएको छ । संस्थाले पत्रपत्रिका, अनलाइन, टेलिभिजन, स्थलगत रिपोर्ट कर्मचारीहरूले गठन गरेको नेटवर्कलगायतबाट संकलित जानकारीको आधारमा प्रतिवेदन तयार गरेको बताएको छ । *रासस/सिन्ह्वा*

# उत्तरी भारत शीत लहरको चपेटामा

**नयाँदिल्ली–** उत्तर भारतीय क्षेत्रमा चिसो बढ्दै गएको भारतको मौसम विज्ञान विभाग (आइएमडी)ले शनिबार जनाएको छ । विभागले पञ्जावको अधिकांश भागहरूमा ७–१० डिग्री सेल्सियसको दायरामा न्यूनतम तापमान रेकर्ड गरेको छ ।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीका अनुसार शनिबार बिहान दिल्ली, राजस्थान र मध्ये प्रदेशलगायतका क्षेत्रको तापक्रम ७–१० डिग्री सेल्सियसको बीचमा रहेको बताएको छ । कडा चिसोले उत्तर भारतको विशाल भागलाई चपेटामा परेको छ । बाक्लो कुहिरोले सहरहरू ढाकेको छ ।

उत्तर प्रदेशको प्रयागराज, जयपुर, राजधानीलगायतका सहरहरू शनिबार बिहान शीतलहरसँगै बाक्लो कुहिरो लागेको थियो ।

पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थानलगायतका क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरो भारतको मौसम विज्ञान विभाग (आइएमडी) द्वारा कैद गरिएको थियो । मौसम विभागले डिसेम्बर ३० देखि जनवरी २ सम्म जम्मू–कश्मीर–गिलगिट–बाल्टिस्तान–हिमाचल प्रदेश, उत्तराखण्डमा अधिक कुहिरो लाग्ने सम्भावना उल्लेख गरेको छ । *रासस/एएनआई*

## इजरायलको दाबी

# हमास मुख्यालयको सुरूङ ध्वस्त पारियो

**तेल अभिव (इजरायल)–** उत्तरी गाजापट्टीमा हमासको राजनीतिक र सैन्य मुख्यालय रहेका सुरुङहरू फेला परेको र तिनीहरूलाई नष्ट गरिएको इजरायली रक्षा बलले शनिबार जनाएको छ ।

इजरायलले प्यालेस्टिनी कट्टरपन्थी लडाकु समूह (हमास) का लडाकुहरूले प्रयोग गरेका सुरुङहरूको फुटेज सार्वजनिक गर्दै सुरुङहरूमा विद्युत्को पहुँच, भेन्टिलेसन र ढल पूर्वाधार, प्रार्थना कक्ष र विश्राम कक्षहरू रहेको उल्लेख गरेको छ ।

हालैका हप्ताहरूमा, १६२औं डिभिजनको कमाण्डमा १४औं रिजर्भ ब्रिगेड कम्ब्याट टिमले गाजापट्टीमा हमास आतंकवादी संगठनका नेता याहया सिनवारको गोप्य बासस्थान (अपार्टमेन्ट) फेला पारी नष्ट गरेको छ । उक्त अपार्टमेन्ट उत्तरी गाजापट्टीको गाजा सहर नजिकै रहेको इजरायली रक्षा बलले जनाएको छ । रक्षा बलका अनुसार, 'याहलोम युनिटका सैनिकहरूले थप प्राविधिक साधनहरू प्रयोग गरेर अपार्टमेन्टको खोजी गरेका थिए । अपार्टमेन्टको भूमिगत संरचनाको सबैभन्दा तल हमासको रणनीतिक सुरूङमार्ग रहेको थियो ।

सैनिकहरूले सुरुङमार्ग हुँदै भित्री महत्त्वपूर्ण सुरुङमा पुगेको र त्यसलाई हमासको सैन्य र राजनीतिक विभागका



वरिष्ठ अधिकारीहरूले प्रयोग गर्ने गरेको बताइएको छ । 'यो अपार्टमेन्ट लामो र शाखारहित सुरुङ सञ्जालको हिस्सा हो । यसमा हमासका वरिष्ठ अधिकारीहरू सरेका थिए र सञ्चालन गरेका थिए । 'उत्तरी गाजापट्टीमा हमासले २१८ मिटर लामो र २० मिटर गहिरो सुरूङ बनाई आफ्ना रणनीतिक कामहरू गर्दै आएको,' इजरायली रक्षा बलले भनेको छ, 'सुरुङभित्र विद्युतीय सञ्जाल, भेन्टिलेसन र ढल निकास पूर्वाधार, लुकेको सामग्री, प्रार्थना कक्ष र विश्राम कक्षहरू फेला पारेका थिए ।'

सुरूङभित्र रहन र लामो समयसम्म यसबाट युद्ध गर्न सम्भव हुनेगरी निर्माण गरिएको थियो । इजरायली सेनाले याहलोम युनिटका सैनिकहरूले सुरुङलाई नष्ट गरेका छन् । रक्षा बलले याहलोम युनिटका सैनिकहरूले सुरुङको मार्ग पत्ता लगाएको र सुरूङभित्र सुरक्षा जाँचसमेत गरेको फुटेज साझा गरेको छ । सेनाले हमासको मुख्यालय क्षेत्रमा सुरुङहरू भत्काएको फुटेज पनि साझा गरेको छ ।

गुप्तचर सूचनाको आधारमा लडाकुहरूले हमास आतंकवादी संगठनका कार्यकर्ताको दर्जनौं घरमा छापा मारेका र त्यहाँ फेला पारेका विष्फोटक पदार्थहरू नष्ट गरेका छन् । *रासस/एएफपी*

## इजरायली दूतावास विष्फोटको रिपोर्ट दर्ता

**नयाँदिल्ली–** दिल्ली प्रहरीले डिसेम्बर २६ मा इजरायली दूतावास नजिक भएको संदिग्ध विष्फोटको विषयमा रिपोर्ट दर्ता गरेको दिल्ली प्रहरीले जनाएको छ ।

बम स्वाड टोलीका शीर्ष अधिकारीकाअनुसार विष्फोटको रिपोर्ट दिल्ली पुलिसलाई बुझाइने छ । दिल्ली प्रहरीकाअनुसार विष्फोटको कारण अझै पत्ता लाग्न सकेको छैन, उनीहरू फोरेन्सिक रिपोर्ट कुरिरहेका छन् । प्रहरी हरेक तरिकाबाट अनुसन्धानमा लागिरहेको छ ।

मंगलबार दिल्ली प्रहरीलाई चाणक्यपुरी कूटनीतिक क्षेत्रमा इजरायली दूतावास नजिकै विष्फोट सुनिएको फोन प्राप्त भयो । तर अधिकारीहरूले घटनास्थलमा केही प्रमाण नभेटिएको बताएका थिए ।

दूतावास क्षेत्रमा अर्ध सैनिक बल तैनाथ गरेको दुई दिनपछि प्रहरीले इलाका नजिकै विष्फोट भएको सुनेको सुरक्षा अधिकारीले जानकारी दिए । अनुसन्धानपछि दुई संदिग्धलाई नियन्त्रणमा लिएको थियो । तर उनीहरूको संलग्नता भने अझै पुष्टि गरेको छैन । भारतका लागि इजरायली उपराजदूत ओहद नकास कायनारले दूतावासका सबै कर्मचारी तथा कूटनीतिज्ञ सकुशल रहेको पुष्टि गरेका छन् । *रासस/एएनआई*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHMI FACILITIES MANAGEMENT SERVICES CO.

पूर्व स्वीकृति मिति २०८०/०९/१३ | LT. No. 297314 | चलानी नं. ६०२१२१८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 26 | 6 | 1200 | ४३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter Assistant | 2 | 0 | 1200 | ४३,४९० | | | | | | | |
| 3 | PLUMBER | 2 | 0 | 1200 | ४३,४९० | | | | | | | |
| 4 | Security Guard | 2 | 0 | 1200 | ४३,४९० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा पुष २२ गते (7th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FROYO REFRESHMENTS & SNACKS COMPANY

पुर्व स्वीकृति मिति २०८०/००९/१३ | LT No. 297364 | चलानी नं.६०२१२३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen helper | 0 | 60 | 120 | ५२,१६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा पुष २२ गते (7th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

नोटः यसै कम्पनीकालागि बारिस्टा, सेल्स गर्ल, वेटरको पनि माग भइरहेको छ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

श्रम ईजाजत नं. ३०१/०५९/०६०

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAD AND HANA RESTAURANT SERVES MEALS

पूर्व स्वीकृति मितिः २०८०/०९/१२ | LT. No.297304 | चलानी नं. ६०२१२२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २२ गते (7th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.

श्रम ईजाजत नं. १०१५/०६८/६९

Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १२०७०० | प्रति तोला - १२०१०० | प्रति तोला - १४५५ |

## श्रमिकका समस्या सम्बोधन गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रमजीवी वर्गका हकअधिकारलाई सम्बोधन गर्न आफू क्रियाशील रहेको बताएका छन् । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले शनिबार आयोजना गरेको छैटौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनमा उनले वर्तमान सरकार गठन भएको एक वर्षको अवधिमा आफूले श्रम क्षेत्रलाई उच्च प्राथमिकता दिएको बताए । उनले प्रभावकारीरूपमा श्रमिकमैत्री नीति र कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

'वर्तमान सरकार सबैभन्दा बढी श्रमिकमैत्री छ, देश निर्माणका आधारभूत र निर्णायक शक्तिका रूपमा रहेका श्रमजीवी वर्ग र ट्रेड युनियनले उठाएका सवाललाई यथासम्भव सम्बोधन गर्न क्रियाशील रहनेछु', प्रधानमन्त्री दाहालले भने, 'राज्यका हरेक संरचनामा १० प्रतिशत श्रमिक वर्गको प्रतिनिधित्व, अर्धन्यायिक अधिकारसहितको संवैधानिक राष्ट्रिय श्रम आयोग गठन तथा सामाजिक सुरक्षा योजनामा सूचीकृत नहुने रोजगारदातालाई कानुनी दायरामा ल्याउनुपर्नेलगायत श्रमिकका न्यायोचित माग पूरा गर्न प्रतिबद्ध छु ।'

स्वदेश तथा विदेशमा रहेका श्रमिक एवं अनौपचारिक क्षेत्रका श्रमिकको हितका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागू गरिएको जानकारी दिँदै प्रधानमन्त्रीले श्रमिकका जायज माग र मुद्दामा जहिले पनि सरकार साथमा रहेको विश्वास दिलाए । विदेशमा रहेका नेपाली कामदार एवं श्रमिकको हितका निम्ति सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको उल्लेख गर्दै उनले विदेशस्थित सबै दूतावास र कूटनीतिक नियोगमा सहायताकक्ष स्थापनादेखि प्रवेशाज्ञा र राहदानी नवीकरणसम्मका काममा सहजीकरण गरिएको बताए ।

प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्षको अवधिमा राजनीतिक स्थायित्व, अर्थतन्त्रमा सुधार, सुशासनको प्रत्याभूति, सेवा प्रवाह र सामाजिक न्यायका क्षेत्रमा केही महत्वपूर्ण मानक स्थापित भएको जिकिर गरे । 'यत्तिमै म सन्तुष्ट छैन, मैले देशवासीका नाममा सम्बोधन गर्दै आगामी वर्षका लागि केही नयाँ सङ्कल्प सार्वजनिक गरेको छु, ती सङ्कल्प दृढतापूर्वक कार्यान्वयन गर्दै देशमा आशाको रक्तसञ्चारसहित समृद्धिको आधार तयार पार्नु मेरो प्रमुख प्राथमिकता हुनेछ', उनले भने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले श्रमिक वर्गसँग समन्वय गरेर रोजगारदाता अघि बढिरहेको बताए । महासंघ र जेटियुसिसीबीच हालै भएको सहकार्यसम्बन्धी सम्झौताले रोजगारादता र श्रमिक पक्षबीचको सम्बन्धलाई सुमधुर बनाउने उनको विश्वास छ । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले रोजगारदाताले श्रमिकको हितलाई प्राथमिकता दिँदै आएको तथा मजदूर र मालिक नभई आर्थिक समृद्धिको सहयात्री हौँ भन्ने भावनाको विकास गरिएको बताए ।

जेटियुसिसीका अध्यक्ष बिनोद श्रेष्ठले श्रमजीविका समस्या समाधान तथा श्रमिकका हकहित प्रवर्द्धन गर्न आफूहरू क्रियाशील रहेको बताए । उनले श्रमिकमैत्री कार्यक्रम सुरुआत गर्न सरकारसँग आग्रह गरे । ट्रेड युनियन अधिकार संस्थागत हुनुपर्नेमा झन् कटौती हुँदै गएकामा असन्तुष्टि व्यक्त गर्दै उनले मजदुरमैत्री अन्तर्राष्ट्रिय अभिसन्धि तत्काल अनुमोदन गर्न आग्रह गरे ।

दुई दिनसम्म चल्ने सम्मेलनमा श्रमिक वर्गको हकअधिकार कार्यान्वयनका लागि चाल्नुपर्ने कदमलगायत श्रमिककाबारेमा छलफल हुनेछ । सम्मेलनले जेटियुसिसीको नयाँ नेतृत्वसमेत चयन गर्नेछ ।

## महिला उद्यमशीलतामा जोड

**पोखरा (प्रस)–** आर्थिक समृद्धिका लागि महिलालाई उद्यमशील बनाउन नीतिगत तहबाट विशेष कार्ययोजना हुनुपर्नेमा पर्यटन व्यवसायी महिलाले जोड दिएका छन् ।

पोखरामा इयु नेपाल ट्रेड एन्ड इन्भेष्टमेन्ट कार्यक्रमको आयोजना र महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को समन्वयमा पोखरामा गण्डकी प्रदेशको सेवा क्षेत्रमा महिला उद्यमीका लागि लगानी पूर्वाधार तयारी विषयक कार्यक्रममा सहभागी पर्यटन व्यवसायीले महिलाले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा सहभागी पर्यटन व्यवसायी शर्मिला न्यौपानेले राज्यले कनिका छरे जस्ता टुक्रे कार्यक्रममा महिलालाई भुलाइराखेको र नतिजामुखी कार्यमा ध्यान नदिएको बताइन् । 'राज्यले सामाजिक न्याय र समानताका लागि उद्यमशीलतामा महिलालाई प्रेरित गर्न लैङ्गिकतामा आधारित लगानीमैत्री वातावरण तयार गर्नुपर्छ, तर सरकार भएको अनुभुति छैन', न्यौपानेले भनिन् । उनले महिला सशक्तिकरणका लागि आएको बजेट कहाँ र कसरी खर्च हुन्छ भन्नेसमेत थाहा नहुने बताइन् । पर्यटन व्यवसायीसमेत रहेकी गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले महिलामैत्री वातावरणको अभावले महिलाले आयआर्जनमा जोडिने अवसरबाट वञ्चित हुनुपरेको बताइन् । उनले महिला उद्यमशीलताका लागि लगानीको वातावरण, व्यवसायमा प्रेरित गर्ने नीति, उत्पादनको बजारीकरणको सुनिश्चितता, महिलाको रुचि, दक्षता क्षमताअनुसारको तालिमको खाँचो औँल्याउँदै आफूले निरन्तर आवाज उठाइरहेको बताइन् ।

कार्यक्रममा प्रोफेसर डा चन्द्रा भद्राले महिला उद्यमशीलतासम्बन्धी हालसम्म भएका पहल र नीतिगत तहबाट ऐतिहासिक विश्लेषण गर्दै महिलाको क्षमता तथा दक्षताको मूल्याकङ्न अझै पनि राज्यस्तरबाट हुन नसकेको बताइन् । उनले महिलाको श्रम अर्थमा रूपान्तरण नहुँदा उनीहरूलाई गृहिणीको दर्जा लिएर अवमूल्यन गरिएको बताइन् । उनले ७५ जिल्लामा नै स्थापना भएको महिला तथा बालबालिका विकास कार्यालय खारेज हुँदा महिलाका मुद्दा केन्द्रित कार्यक्रम हुन नसकेको उनको भनाइ थियो । उनले लैङ्गिकमैत्री अवधारणाप्रति राज्य अझै संवेदनशील हुन नसक्दा विभिन्न कारणले महिला विभेद भोग्न बाध्य भएको बताइन् ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा पर्यटन बहुआयामिक क्षेत्र भएकाले महिलालाई उद्यमशीलतामा प्रेरित गर्न थुप्रै सम्भावना भएको बताए । पछिल्लो समय पोखराको पर्यटन प्रवर्द्धन र गुणस्तरीय सेवा प्रवाहमा महिला पर्यटन व्यवसायीको योगदान अतुलनीय रहेको जनाउँदै उनले अझै सशक्तिकरणको खाँचो औँल्याए ।

ओटेफका सल्लाहकार पम्फा पहारीले संस्थाको स्थापनासँगै सामूहिक आवाजले गति लिन थालेको बताइन् । उनले विभिन्न तालिमले महिलाको आफ्नो पहिचान स्थापित हुने र व्यवसाय अग्रसरता देखाउने तथा आफ्नै नाममा व्यवसाय दर्ता गरेर व्यावसायिक पाइला अगाडि बढाउन सफल भएको बताइन् ।

## प्यूठानमा धान उत्पादन बढ्यो

**स्वर्गद्वारी (प्रस)–** प्यूठानमा यस वर्ष धान उत्पादन वृद्धि भएपछि किसान खुसी भएका छन् । समयमै वर्षा, उन्नत जातको धानको बीउ छनोट र चैते धान दुई पटक खेती हुन थालेपछि जिल्लामा धान उत्पादनमा वृद्धि भएको हो ।

समान क्षेत्रफलमा दुई खेती धान र एक खेती गहुँ उत्पादन हुँदा बजारबाट चामल खरिद गर्न नपर्ने भएको ऐरावती गाउँपालिका-५ कि कृषक सम्झना राउतले बताइन् । गत वर्षको तुलनामा तीन हजार तीन सय ७० मेट्रिकटन बढी धान उत्पादन भएको जिल्लास्थित एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले जनाएको छ । प्युठानका केही फाँटहरूमा सीमित सिँचाइ सुविधा उपयोग गरी कृषकले चैते धान खेती गर्न थालेका छन् । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका अनुसार गत वर्ष छ हजार एक सय ६५ हेक्टर क्षेत्रफलमा १८ हजार पाँच सय ९७ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष २१ हजार नौ सय ६७ मेट्रिकटन धान उत्पादन भएको छ ।


# जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



# इटहरी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

## इटहरी उप-महानगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ